## नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं

- कोषको प्रत्येक सहभागीलाई बार्षिक ९.५ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट्/ घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढिमा रु ४० लाखसम्म कर्जा दिन सकिने ।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्यु भएमा १ लाख सम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर /जग्गा धितो राखेर सरल कर्जाको रुपमा सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैया सम्म वार्षिक १०.०० प्रतिशत ब्याजमा लिन पाइने ।
- वचत गरेको २ आ.ब. पछि वचत रकमको ८० प्रतिशत सापटी लिँदा बार्षिक ९ प्रतिशत ब्याजदर लाग्ने ।
- नागरिक पेन्सन योजना कार्यक्रममा इच्छुक व्यक्तिहरु सहभागी हुन सक्ने व्यवस्था रहेको ।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।

# २५ औं वार्षिक प्रतिवेदन
## २०७५/०७६



केन्द्रीय कार्यालय : काठमाडौं-१०, नयाँबानेश्वर, नेपाल, पो.ब.नं. ५८२३
फोन: ०१-४७८५३१९, ४७८५३२०, ४७८५३२१, ४७८५३२५, ४७८४२९८, ४७८१६७३
फ्याक्स: ०१-४७८४५२२, ४७८६०२ | वेभसाईट: www.nlkk.org.np
**शाखा कार्यालय :** विराटनगर, फोन नं.: ०२१-४७२९९६, ४७२९९७ | पोखरा, फोन नं.: ०६१-५३८०३०, ५३८०३१

# नागरिक लगानी कोष
# CITIZEN INVESTMENT TRUST

## कोषको वर्तमान सञ्चालक समिति



प्रा.डा. रामचन्द्र भट्टराई
अध्यक्ष



श्री यज्ञ प्रसाद ढुंगेल
सदस्य
प्रतिनिधि : अर्थ मन्त्रालय



डा. राम शरण खरेल
सदस्य
मनोनयन : अर्थ मन्त्रालय



श्री चन्द्र सिंह साउद
सदस्य
प्रतिनिधि : नेपाल स्टक एक्सचेन्ज



श्री कमलेश कुमार अग्रवाल
सदस्य
प्रतिनिधि : बैंक वित्तीय संस्था



श्री कवि प्रसाद पाठक
सदस्य
प्रतिनिधि : राष्ट्रिय विमा संस्थान



श्री अशोक बुढाथोकी
सदस्य
प्रतिनिधि : सर्वसाधारण शेयरधनी



श्री लक्ष्मी प्रसाद पौडेल
सदस्य
मनोनयन : अर्थ मन्त्रालय



श्री रमण नेपाल
सदस्य
कार्यकारी निर्देशक

## व्यवस्थापन समूह



रमण नेपाल
कार्यकारी निर्देशक



डा. इन्द्रकुमार कट्टेल
नायव कार्यकारी निर्देशक



गोपाल घिमिरे
निर्देशक



शोभा श्रेष्ठ (सुवेदी)
का.मु निर्देशक



हेमन्त पोखरेल
का.मु निर्देशक



छविरमण अधिकारी
का.मु निर्देशक



नवराज खड्का
नायव निर्देशक



भरतराज श्रेष्ठ
उप-निर्देशक



रोशनजंग कार्की
उप-निर्देशक



नारायणप्रसाद घिमिरे
उप-निर्देशक



अमृतबहादुर अधिकारी
उप-निर्देशक



सुमन पौडेल
उप-निर्देशक



उमेश पनेरु
उप-निर्देशक



अञ्जली आचार्य
उप-निर्देशक



प्रविन राई
उप-निर्देशक



जनकराज कडेल
उप-निर्देशक



यम कुमार श्रेष्ठ
उप-निर्देशक



तेजनाथ पाण्डे
का.मु. उप-निर्देशक



दिपेन्द्र सिंह अधिकारी
वरिष्ठ अधिकृत



तारानाथ भट्टराई
वरिष्ठ अधिकृत



हिरामणि खतिवडा
वरिष्ठ अधिकृत



रामशोभा ढुंगाना
वरिष्ठ अधिकृत



जय प्रकाश साह
वरिष्ठ अधिकृत



कुमार श्रेष्ठ
वरिष्ठ अधिकृत



संगीता शर्मा
वरिष्ठ अधिकृत



नवराज गौतम
वरिष्ठ अधिकृत

**प्रशासन महाशाखा**
श्री उद्धव सिलवाल, अधिकृत

**अनुसन्धान तथा बजार विकास महाशाखा**
रीता पाठक (उपाध्याय), अधिकृत

**वित्त नियन्त्रण तथा आ.प्र. महाशाखा**
श्री रश्मी रिमाल, का.मु. वरिष्ठ अधिकृत
श्री हरिश्चन्द्र श्रेष्ठ, अधिकृत

**पोखरा शाखा कार्यालय**
श्री पुरुषोत्तम भट्टराई, अधिकृत

**वीमा कोष शाखा**
श्री रामेश्वर पुडासैनी, अधिकृत
श्री कृष्णभक्त महर्जन
श्री राजेशराज जोशी
श्री रविन्द्रनाथ श्रेष्ठ, अधिकृत
श्री अनिता थापा, अधिकृत
श्री सुमना उपाध्याय, अधिकृत

**सूचना प्रविधि व्यवस्थापन महाशाखा**
श्री भुपेन्द्र सिंह साउद, अधिकृत

**रिकन्सिलेसन शाखा**
श्री जीवनराज जोशी, अधिकृत
श्री ऋषिराम फुँयाल, अधिकृत

**अवकाश कोष व्यवस्थापन महाशाखा**
श्री बिजेन्द्र बहादुर रघुवंशी, अधिकृत
श्री दिपक घिमिरे, अधिकृत
श्री सुनिल पौडेल, अधिकृत
श्री शिब प्रसाद उपाध्याय, अधिकृत
श्री प्रकाश श्रेष्ठ, अधिकृत

# नागरिक लगानी कोष

## केन्द्रीय कार्यालय

नयाँबानेश्वर, काठमाडौं, पो.ब.नं. ५८२३
फोन: ०१-४७८५३१९, ४७८५३२०, ४७८५३२१, ४७८५३२५, ४७८४२९८, ४७८१६७३
फ्याक्स: ०१-४७८४५२२, ४७८६०२
वेभसाईट: www.nlkk.org.np

### शाखा कार्यालय

विराटनगर, फोन नं.: ०२१-४७२९९६, ४७२९९७
पोखरा, फोन नं.: ०६१-५३८०३०, ५३८०३१

**शेयर सूचिकृत**
नेपाल स्टक एक्सचेञ्ज लि.

**स्तर समूह**
'क'

**लेखापरीक्षक**
बि.के. मान सिंह
गोविन्द शर्मा गैह्रे
शिवहरि शर्मा

**कार्यकारी निर्देशक**
श्री रमण नेपाल

**सञ्चालक समितिका सचिव**
श्री नवराज खड्का

# नागरिक लगानी कोषको संक्षिप्त परिचय

**पृष्ठभूमि**

नेपाल सरकारको समेत लगानीमा नागरिक लगानी कोष ऐन, २०४७ अनुसार वि.सं. २०४७ चैत्र ४ गते स्थापना भई वि. सं. २०४८ माघ १ गते देखि कोषले औपचारिक रूपमा कारोबार संचालनमा ल्याएको हो । आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिका साथै लगानीका अवसरहरु बढाउन तथा पुँजी बजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर कोषको स्थापना भएको हो । उक्त उद्देश्य प्राप्तीका लागी कोषले सर्वसाधारण, विभिन्न संगठित संघ-संस्थामा कार्यरत कर्मचारी/कामदार तथा संगठित संघ-संस्थाहरुबाट समेत विभिन्न कार्यक्रम अन्तर्गत बचत संकलन गरी त्यसरी संकलित बचत रकमलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रबन्ध गर्दै आएको छ । कोषले केन्द्रीय कार्यालय काठमाडौं र शाखा कार्यालय पोखरा र विराटनगरबाट समेत सेवा प्रदान गरिरहेको छ । कोषको शेयरको चुक्ता पुँजी रु.१ अर्ब २६ करोड ७८ लाख रहेको छ। कोषले पुँजी बजार सम्बन्धी मर्चेन्ट बैंकरको रूपमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्य, शेयर रजिष्ट्रारको कार्य र धितोपत्र प्रत्याभुतिको कार्य गर्दै आएको छ। स्वरोजगारमा रहेका र वैदेशिक रोजगारमा रहेका नागरिकहरुलाई समेत समावेश गरी सामाजिक सुरक्षा प्रदान गर्ने तथा सहभागीहरुलाई विविध प्रकारका सेवा तथा सुविधाद्वारा लाभान्वित बनाउने कोषको योजना अनुरुप नयाँ कार्यक्रमको रुपमा कोषले **नागरिक पेन्सन योजना** अगाडि बढाएको छ। देशको पुँजीबजारलाई गतिशिल तथा प्रभावकारी बनाउनका लागि कोषले **नागरिक स्टक डिलर कम्पनी लिमिटेड** को स्थापना गरी कार्य संचालन गर्ने प्रक्रियामा रहेको छ ।

**कोषका त्रिकोणीय व्यावसायिक खम्बाहरु :**

**क. बचत कार्यक्रम :**

- विभिन्न किसिमका योजनाहरु : कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन कोष, वीमा कोष आदिको माध्यमबाट लामो अवधिको बचत संकलन गर्ने ।
- नागरिक एकांक योजनाको माध्यमबाट देश भित्रका र देश बाहिरका लगानीकर्ताहरुबाट बचत वृद्धि कार्यक्रम संचालनमा ल्याउने ।
- लगानीकर्ताहरुको खाता संचालनको माध्यमबाट बचत संकलन गर्ने ।
- नागरिक पेन्सन योजना मार्फत् स्वेच्छिक सामाजिक सुरक्षाको सुविधासहितको बचत परिचालनलाई प्रोत्साहन गर्ने ।

**ख. लगानी व्यवस्थापन :**

- संगठित संस्थाको शेयर, ऋणपत्र तथा सरकारी धितोपत्रमा लगानी गर्ने ।
- शेयर खरीद गर्नका लागि कर्जा प्रवाह गर्ने ।
- संगठीत संस्थाहरुलाई निश्चित अवधिको ऋण आवश्यक भएमा वित्तीय सहयोग (Bridge Finance) प्रदान गर्ने ।
- सहभागीहरुको लागि आवश्यक आवास कर्जा , शैक्षिक कर्जा तथा सरल कर्जा उपलब्ध गराउने ।
- बचतबाट प्राप्त रकमलाई उपयुक्त Portfolio बनाई उच्च प्रतिफल प्राप्त हुने गरी लगानी गर्ने ।

**ग. पुँजी बजार सेवा :**

- विभिन्न कोषको नासो संरक्षण (Trustee Services) गर्ने ।
- मूलतः ऋणपत्र Trustee सेवा प्रदान गर्ने ।
- संस्थागत वित्तीय सेवा :
  - ➢ संगठित संस्थाहरुको सार्वजनिक निष्काशनको ब्यवस्था गर्ने ।
  - ➢ सार्वजनिक निष्काशनको लागि प्रस्ताव भएको शेयर बिक्री नभएमा बिक्री प्रत्याभूति (Underwriting) प्रदान गर्ने ।
  - ➢ सरकारी तथा संगठीत संस्थाका सुरक्षण (Securities) हरुको स्टक डिलरको काम गर्ने ।
  - ➢ विभिन्न संगठीत संस्थाहरुको पुँजीको स्वरुप (Capital Structure) सेक्यूरिटीजहरुको मूल्य, कम्पनीहरुको Merger, Acquisition, Privatization तथा अन्य सम्बन्धित क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने ।

# नागरिक लगानी कोष

## पच्चिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस कोषको संचालक समितिको मिति २०७७।०२।२८ गते बसेको ६४४ औं बैठकको निर्णय अनुसार कोषको २५ औं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले नागरिक लगानी कोष ऐन, २०४७ को दफा २१ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७७ साल आषाढ २० गते शनिबार (तदनुसार ४ जुलाई, २०२०)।

स्थान : कोषको नयाँ भवन परिसर (अर्न्तराष्ट्रिय सम्मेलन केन्द्रको पूर्वतर्फ), नयाँ बानेश्वर, काठमाण्डौं।

समय : बिहान ११.०० बजे।

**साधारण सभामा छलफल हुने विषयहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आ. व. २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने।

(३) कोषको आ.व. २०७५/०७६ को आम्दानी बांडफांड हिसाब विवरणमा छुट्ट्याइएको प्रस्तावित २२ (बाइस) प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने।

(४) बोनस शेयर वितरण पश्चात कायम हुने शेयरको १:०.८२८४ (एक वरावर शुन्य दशमलव आठ दुई आठ चार) अर्थात ८२.८४ प्रतिशतका दरले हुन आउने हकप्रद शेयर निष्काशन गर्न स्वीकृती प्रदान गर्ने।

(५) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरु तथा संचालकहरुको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने।

(६) विविध।

**साधारणसभा सम्बन्धी जानकारी :**

१. शेयरधनीहरुले आफनो परिचय खुल्ने परिचयपत्र वा सरकारी कार्यालयबाट जारी भएको परिचयपत्र वा शेयर अभौतिकरण गरेको व्यक्तिको हकमा हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरे पछि मात्र सभामा भाग लिन पाइनेछ।

२. शेयर प्रमाणपत्र प्राप्त गरी नसकेका वा शेयर अभौतिकरण गरी नसकेको शेयरधनीहरुको हकमा आफ्नो परिचय खुल्ने सरकारी कार्यालयबाट जारी गरेको परिचयपत्र वा नागरिकता वा शेयरको लागि दरखास्त दिदां प्राप्त गरेको अर्धकट्टी वा रकम फिर्ता गर्दा प्राप्त गरेको चेकको अर्धकट्टी प्रस्तुत गरे पछी सभामा भाग लिन पाईनेछ।

३. बार्षिक साधारणसभा गर्ने प्रयोजनको लागि कोषको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०७७ आषाढ महिना १० गते एक दिन बन्द रहनेछ। शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन अर्थात् २०७७ आषाढ महिना ९ गते सम्म नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोबार भई नियमानुसार दाखिल खारेजका लागि प्राप्त शेयरधनीहरु सहित कायम रहेका शेयरधनीहरु बार्षिक साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन्।

४. संगठीत संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कोषको शेयरधनी हुनुपर्नेछ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कोषको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सभा हुनु भन्दा ९६ घण्टा अगावै उक्त प्रतिनिधिपत्र (प्रोक्सी) यस कोषको कार्यालयमा दर्ता गराई सक्नु

पर्नेछ।

६. प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. संयुक्त रुपमा शेयर खरीद गरेको अवस्थामा शेयरधनीहरुको दर्ता किताबमा साझेदारहरु मध्ये जसको नाम क्रमानुसार पहिलो नम्बरमा लेखिएको छ वा सो साझेदार वा साझेदारहरुको सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ।

८. विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय संचालक समितिको सचिव मार्फत संचालक समितिका अध्यक्षलाई कोषको केन्द्रीय कार्यालय, नयां बानेश्वर स्थित ब्लक डि भवनमा लिखित रुपमा प्रस्ताव पेश गर्नु पर्नेछ।

९. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थलमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान ९.०० बजेदेखि खुल्ला रहनेछ।

१०. कोषको आर्थिक बर्ष २०७५/७६ को लेखापरीक्षण गरिएको संक्षिप्त वित्तीय अवस्थाको विवरण तथा आय विवरण संचालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरीक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समय भित्र कोषको केन्द्रीय कार्यालय नयां बानेश्वरमा सम्पर्क राख्न सकिनेछ। साथै, कोषको वेवसाईट www.nlk.org.np मा पनि हेर्न सक्नुहुनेछ।

**बिशेष अनुरोध** : कोभिड-१९ को कारणले पर्न सक्ने सम्भावित असरहरुलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनि तोकेका सम्पुर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने भएकोले बार्षिक साधारण सभामा उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा तोकिए बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु स्वंय आफैले पालना गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ।

**नबराज खड्का**
संचालक समितिका सचिव
नागरिक लगानी कोष

अनुसूची १६

दफा ६ (४) संग सम्वन्धित

# साधारणसभामा भाग लिन तथा मतदान गर्न आफनो प्रतिनिधि नियुक्त गर्ने निवेदनको ढाँचा

# प्रोक्सी

**श्री नागरिक लगानी कोष,**
केन्द्रीय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको वारे ।**

..................जिल्ला .................. पालिका वडा नं.................बस्ने म/हामी.........................ले त्यस कोषको शेयरधनीको हैसियतले संवत् २०......साल...............महिना......गतेका दिन हुने वार्षिक / विशेष साधारणसभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा /हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि............. जिल्ला.................... पालिका वडा नं...........वस्ने श्री.................................लाई मेरा /हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिकोः-
हस्ताक्षरको नमुना ः
शेयर संख्या ः
शेयरधनी परिचय नं. ः
DMAT BOID No ः .................................
मिति ः

निवेदक
दस्तखत ः
नाम ः
ठेगाना ः
शेयरधनी परिचय नं. ः
शेयर संख्या ः
DMAT BOID No ः .................................

**द्रष्टव्य ः-**

१) यो प्रतिनिधि पत्र साधारण सभा हुन भन्दा ९६ घण्टा अगावै कार्यालय समयभित्र कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौंको भवनमा दर्ता गरिसक्नु पर्नेछ।

२) समुह ‘ख’ अन्तरगतका शेयरधनी अन्य वित्तीय संस्थाहरुले संस्थाको तर्फवाट संचालकमा उम्मेदवारी दिने कार्य समेतका लागी प्रतिनिधि मुकरर गरि पठाउदा संस्थाको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि साथै राखी संस्थाको लेटर प्याडमा अधिकार प्राप्त व्यत्तिले दस्तखत गरी पत्र पठाउनू पर्ने छ।

३) उमेदवार हुने वाहेक साधारण सभामा भाग लिन तथा मतदान गर्न कार्यका लागी संचालक समितिको निर्णयको प्रतिलीपि सम्लग्न गर्न अनिवार्य हुने छैन। संस्थाको पत्रमा विवरण खुलाई पठाएमा पर्याप्त मानिने छ।

# विषय सूची


| | | |
|---|---|---|
| १. | सञ्चालक समितिको अध्यक्षको मन्तव्य | १ |
| २. | महालेखा परीक्षकककको अन्तिम लेखापरिक्षण प्रतिवेदन | ११ |
| ३. | अन्तिम लेखा परीक्षण प्रतिवेदनमा व्यवस्थापनको जवाफ | १५ |
| ४. | केन्द्रीय हिसाव वित्तीय अवस्थाको विवरण | १७ |
| ५. | केन्द्रीय हिसाव नाफा/नोक्सान विवरण | १९ |
| ६. | केन्द्रीय हिसाव अन्य विस्तुत आम्दानीको विवरण | २० |
| ७. | केन्द्रीय हिसाव नगद प्रवाह विवरण | २१ |
| ८. | केन्द्रीय हिसाव इक्वीटीमा भएको विवरण | २३ |
| ९. | टिप्पणी (अनुसूची) | २५ |
| १०. | लेखा सम्बन्धी टिप्पणीहरु | ५१ |
| ११. | संयुक्त वासलात | ७९ |
| १२. | संयुक्त आय विवरण | ८० |
| १३. | सारांश विवरण | ८१ |
| १४. | चार्टहरु | ८२ |

# नागरिक लगानी कोषको २५औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा

# प्रस्तुत प्रतिवेदन

# आर्थिक वर्ष २०७५/७६

**आदरणीय शेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथिज्यूहरु,**

नागरिक लगानी कोषको २५औं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, नियामक निकायका प्रतिनिधिहरु, कोषका बाह्य लेखापरीक्षकज्यू, विभिन्न संस्थाका प्रतिनिधिज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु, पत्रकार मित्रहरु, कोषका कर्मचारी साथीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरुलाई म यस गरिमामय सभामा संचालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु। यहाँहरुबाट निरन्तर रुपमा हामीलाई प्राप्त भएको विश्वास र सहयोगको लागि हार्दिक आभार व्यक्त गर्दछु।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण यसको रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको बन्दाबन्दी (लकडाउन) को यस विषम परिस्थितिमा कोषको यो वार्षिक साधारण सभा यही आर्थिक वर्ष भित्र सम्पन्न गर्ने अठोटका साथ विविध कठिनाइका बाबजुद यस निर्माणधीन भवनमा गर्न गई रहेका छौं। यस्तो विषम परिस्थितिमा समेत सहभागिता जनाई हामीलाई सहयोग पुऱ्याउनु भएकोमा उपस्थित सम्पूर्ण महानुभावहरु प्रति आभार व्यक्त गर्दछु।

आजको यस गरिमामय साधारण सभामा कोष संचालक समितिको तर्फबाट म यहाँहरु समक्ष राष्ट्रिय अर्थतन्त्रको परिदृष्य एवंम यसमा कोषको भुमिका, कोषको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन एवंम हालसम्म कोषले सम्पादन गरेका प्रमुख कार्यहरुको समीक्षा एवम् भावी कार्यक्रमहरुको बारेमा जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १ राष्ट्रिय अर्थतन्त्रको परिदृष्य तथा यसमा कोषको भूमिका

आर्थिक वर्ष २०७५/७६ मा आर्थिक वृद्धि (उत्पादकको मुल्यमा) ७ प्रतिशत रहेको संशोधित अनुमान छ। आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म समष्टिगत आर्थिक परिसूचकहरु सन्तुलित र सन्तोषजनक रहेकोमा सन् २०२० को शुरुदेखि विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) बाट नेपाल पनि प्रभावित भएको छ। कोभिड १९ को संक्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि अवलम्वन गरिएका उपायहरुले देशको समग्र अर्थतन्त्र प्रभावित भएको र यस वर्ष आर्थिक वृद्धिदर न्यून भई २.३ प्रतिशत पुग्ने प्रारम्भिक अनुमान गरिएको छ भने गरिवी र बेरोजगारीमा चाप पर्ने स्थिति छ। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारणले नेपालमा भित्रिने विप्रेषण दरमा समेत गिरावट आउने देखिन्छ। कोभिड १९ को संक्रमण नियन्त्रणका लागि गर्नुपरेको बन्दाबन्दी (लकडाउन) ले अर्थतन्त्रको समग्र क्षेत्रमा प्रभाव पारेको तथा रोजगारी कटौति भएको अवस्था समेत देखिन्छ। जसबाट कुल राष्ट्रिय बचतमा गिरावट आउने अनुमान गरिएको छ।

आर्थिक वर्ष २०७५/७६ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मुल्यमा) अमेरिकी डलर १०५१ रहेकोमा आर्थिक वर्ष २०७६/७७ मा यस्तो आय ४.४ प्रतिशतले बढेर अमेरिकी डलर १०९७ पुग्ने अनुमान रहेको छ। कोभिड १९ को रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय उडानमा लगाएको रोकले पर्यटक आगमन र विप्रेषण आप्रवाह दुवैमा आउन सक्ने कमीले कुल राष्ट्रिय आय कम हुने अनुमान छ। बैंकिङ्ग तथा गैर बैंकिङ्ग क्षेत्रको वित्तीय कारोवारमा बढोत्तरी भएता पनि कोभिड १९ को कारण वित्तीय सेवा प्रभावित भएकोले वित्तीय मध्यस्थताको कुल मुल्य अभिवृद्धिको वृद्धिदरमा गत आर्थिक वर्षको तुलनामा केही कम हुने अनुमान छ।

कोषले सर्वसाधारणलाई बचत गर्न प्रोत्साहित गर्ने, विभिन्न बचत कार्यक्रमहरु मार्फत बचत संकलन गर्ने तथा संकलित रकमलाई उपयुक्त क्षेत्रमा प्रभावकारी ढंगले लगानी व्यवस्थापन गरी प्रत्यक्ष वा परोक्ष रुपमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्दै आएको छ। कोषको लगानी राष्ट्रिय प्राथमिकताका आयोजनामा विस्तार हुनु, बचत परिचालन मार्फत बैंक तथा वित्तीय संस्थामा देखिने तरलताको संकटलाई न्युन गर्न दीर्घकालिन ऋण प्रवाहमा सहयोगीको भूमिका निर्वाह गर्दै पुँजी बजारको विकासका लागि शेयर निष्काशन, प्रत्याभूति तथा बिक्री

प्रबन्धकको भूमिका निर्वाह गरी पुँजी निर्माण गर्ने कार्यमा योगदान पुऱ्याउदै आएकोले समग्रमा यसको प्रभाव मुलुकको अर्थतन्त्रको विकाससँग गाँसिएको छ। सामाजिक सुरक्षासँग सम्वन्धित कार्यक्रम सञ्चालनबाट सामाजिक सुरक्षाको प्रत्याभुति, बचत गर्ने प्रवृत्तिमा सुधार र दीर्घकालिन प्रकृतिका पुँजी निर्माण हुनाले उक्त पुँजीलाई उत्पादनमुलक तथा भौतिक पुर्वाधार विकासको क्षेत्रमा लगानी गरी अर्थतन्त्रमा थप योगदान दिन सक्ने सम्भावना पनि कोषसँग रहेको छ। आम नागरिकलाई बचत गर्न प्रोत्साहन गर्ने र सुरक्षित भविष्यको लागि सामाजिक सुरक्षण प्रदान गर्ने उद्धेश्यले नागरिक पेन्सन योजना संचालनमा ल्याईसकेको व्यहोरा समेत जानकारी गराउँछु।

२. **मुद्रा तथा पुँजीबजारको अवस्था** :

आर्थिक वर्ष २०७४/७५ मा निक्षेप तथा कर्जाको औसत भारित व्याजदर क्रमशः ६.४९ र १२.४७ प्रतिशत रहेकोमा आर्थिक बर्ष २०७५/७६ मा यस्तो व्याजदर क्रमशः ६.६४ र १२.२० प्रतिशत रहेको थियो। त्यसरी नै उक्त व्याजदर २०७६ चैत मसान्तमा क्रमशः ६.७ र ११.८ प्रतिशत कायम रहेको देखिन्छ। यसप्रकार विगत दुई आर्थिक बर्षलाई तुलना गर्दा निक्षेपको भारित औसत व्याजदर बृद्धि भएको छ भने कर्जा तर्फको भारित औसत व्याजदर घटेको छ। पुँजी बजार तर्फ नेप्से परिसूचक आर्थिक वर्ष २०७४/७५ को अन्त्यमा १२१२.३६ विन्दुमा रहेकोमा आर्थिक बर्ष २०७५/७६ मा ३.८५ प्रतिशतले बढेर वर्षान्तमा १२५९.०२ विन्दुमा पुगेको थियो भने २०७६ चैतमा कारोबार भएको अन्तिम दिनमा उक्त सूचकांक घटेर १२५१.४५ विन्दुमा पुगेको देखिन्छ (तालिका नं. १)।

**तालिका नं १ : मुद्रा तथा पुँजीबजारको स्थिति**

| क्र.स. | विवरण | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष २०७५/७६ |
|---|---|---|---|
| १. | भारित औसत व्याज दर (निक्षेप) | ६.४९ | ६.६४ |
| २. | भारित औसत व्याज दर (कर्जा) | १२.४७ | १२.२० |
| ३. | बजार पूंजीकरण (रकम रु. अर्वमा ) | १४३५.१४ | १५६७.५० |
| ४. | नेप्से परिसुचक (NEPSE Index) | १२१२.३६ | १२५९.०२ |
| ५. | बजार पूंजीकरण मुल्यमा कारोबारको प्रतिशत | ८.५ | ७ |
| ६. | कुल गार्हस्थ्य उत्पादनमा बजार पुंजीकरणको प्रतिशत | ४७.७ | ४५.२४ |

स्रोतः नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्ड

आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा बजार पुँजीकरण रु. १४ खर्ब ३५ अर्ब १४ करोड बराबरको रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा रु. १५ खर्ब ६७ अर्ब ५० करोड रहेको देखिन्छ। २०७६ चैत मसान्तसम्ममा बजार पुँजीकरण वृद्धि भई रु. १६ खर्ब १९ करोड पुगेको देखिन्छ। (तालिका नं. १)।

यसै सन्दर्भमा नागरिक लगानी कोषले देशको पुँजीबजारमा सकृय सहभागीता जनाउँदै पुँजीबजार सम्बन्धी विभिन्न कारोबारहरु सम्पन्न तथा विस्तार गर्दै पुँजीबजारको स्थायित्व र विकासमा महत्वपुर्ण योगदान पुऱ्याउदै आएको छ।

**अब म यहाँहरु समक्ष कोषको आर्थिक वर्ष २०७५/७६ सम्मको कारोबारको तुलनात्मक विवरण, यसले हासिल गरेको प्रगति तथा सञ्चालनमा ल्याएका कार्यक्रमहरुको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु।**

३. **कोषका गतिविधि एवं क्रियाकलापहरुको संक्षिप्त स्थिति** :

**आदरणीय शेयरधनी महानुभावहरु,**

कोषका गतिविधि तथा क्रियाकलापहरु यसको ५ वर्षे दीर्घकालीन रणनीतिक योजना (२०७२/७३ देखि २०७६/७७ सम्म) ले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य अनुसार तीन खम्बे व्यवसायिक क्षेत्र (3 Pillars Business Plan) मा आधारित रहेको व्यहोरा यहाँहरुलाई

अवगत नै छ । हाल कार्यान्वयनमा रहेको रणनीतिक योजना अन्तर्गत सञ्चालन तथा व्यवस्थापन भएका कार्यक्रमहरुबाट समीक्षा अवधिमा कोषले हाँसिल गरेको प्रगतिलाई संक्षिप्त रुपमा यहाँ प्रस्तुत गर्दछु । साथै, आर्थिक वर्ष २०७६/७७ पश्चात कोषले अर्को ५ वर्षे रणनीतिक योजना तयार गर्ने कार्य प्रारम्भ गरिसकेको छ ।

३.१. **कोष** ( Fund) **परिचालनको स्थिति :**

कोषबाट सञ्चालित विभिन्न बचत कार्यक्रमहरुबाट २०७६ असार मसान्त सम्ममा आ.व. २०७४/७५ को तुलनामा १०.८९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २३ अर्ब ९१ करोड १९ लाख खुद कोष रकम संकलन भएको छ । यस्ता कार्यक्रमका सहभागीहरुलाई कार्यक्रमको प्रकृति अनुसार ६ देखि ८ प्रतिशतसम्म प्रतिफल प्रदान गरिएको छ । राष्ट्र सेवक सावधिक जीवन बीमा संचालन कार्यविधि २०७५ लागू भए पछि यस कोषले संचालन गरेका बीमा योजनाहरुमा जम्मा हुने रकम २०७५ श्रावण देखि राष्ट्रिय वीमा संस्थानमा हस्तान्तरण गरेको कारणले उक्त योजनाहरुको बृद्धि ऋणात्मक देखिएको छ ।

**तालिका नं २: आर्थिक वर्ष २०७५/७६ को कोष संकलनको तुलनात्मक स्थिति**

( रकम रु. करोडमा)

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष २०७५/७६ | बृद्धि % |
|---|---|---|---|---|
| १. | कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष | ७६५१.८६ | ८८४६.६६ | १५.६१ |
| २. | नागरिक एकांक योजना | १०९.८९ | ९४.८२ | (१३.७१) |
| ३. | पेन्सन/उपदान कोष योजना | १६९८.२० | १९६३.५३ | १५.६२ |
| ४. | लगानीकर्ता हिसाब योजना | ४१३.६६ | ४७५.२८ | १४.८९ |
| ५. | **वीमा कोष आयोजना** | | | |
| ५.क | निजामती वीमा कोष | ४८५.९६ | ४३८.११ | (९.८५) |
| ५.ख | शिक्षक वीमा कोष | ४१०.९० | ३४६.३४ | (१५.७१) |
| ५.ग | सैनिक वीमा कोष | २४९.१२ | १५७.८२ | (३६.६५) |
| ५.घ | नार्क वीमा कोष | ६.३३ | ७.१८ | १३.४३ |
| ५.ङ | नेपाल प्रहरी वीमा कोष | ९६.६३ | ४०.३९ | (५८.२०) |
| ५.च | सशस्त्र प्रहरी वीमा कोष | ४९.६४ | १८.00 | (६३.७४) |
| ५.छ | अनुसन्धान वीमा कोष | १.३२ | ३.०६ | १३१.८१ |
| | **खूद कोष** | **१११७३.५१** | **१२३९१.१९** | **१०.८९** |

कोषद्वारा सञ्चालित त्यस्ता कार्यक्रमहरु मार्फत कोषको दायरा विस्तार गरी राष्ट्रिय बचतमा अभिवृद्धि गराउन तथा सार्वजनिक तथा निजी संस्थाले बहन गर्नुपर्ने कर्मचारीहरुसँग सम्बन्धित दीर्घकालिन दायित्व व्यवस्थापन गर्न कोषले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

३.२ **लगानी व्यवस्थापनको अवस्था :**

कोषको लगानीलाई विविधीकरण गर्दै लैजाने सन्दर्भमा लगानी नीति, २०७५ अन्तर्गत मुद्दती निक्षेप, सरकारी ऋणपत्र, संगठीत संस्थाको धितोपत्र, समयकालीन कर्जा र सहभागी सापटी तथा आवास कर्जामा समेत लगानी गर्ने व्यवस्था रहेको छ । कोषको शेयर पुँजी, जगेडा रकम तथा विभिन्न कार्यक्रमहरुबाट संकलित रकम आर्थिक वर्ष २०७४/७५ मा रु.१ खर्ब ६ अर्ब ९७ करोड ६२ लाख लगानी भएकोमा आर्थिक वर्ष २०७५/७६ मा कुल लगानी १६.७४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २४ अर्ब ८७ करोड ९९ लाख पुगेको छ (तालिका नं ३)।

**तालिका नं ३ : आर्थिक वर्ष २०७५/७६ को लगानीको तुलनात्मक स्थिति**

(रकम रु. करोडमा)

| क्र.सं. | लगानी संरचना | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष २०७५/७६ | वृद्धि % |
|---|---|---|---|---|
| १. | नेपाल सरकारको ऋणपत्र | १८०.९३ | ६०.०० | (६६.८४) |
| २. | बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप | ७३१७.०० | ७६६९.७८ | ४.८२ |
| ३. | समयकालीन कर्जा | ७९७.५५ | १६६३.४२ | १०८.५७ |
| ४. | संगठीत संस्थाको शेयर/धितोपत्र | ३०९.०६ | ६९३.१८ | १२४.२८ |
| ५. | सहभागी सापटी/आवास कर्जा | २०९३.०८ | २४०१.६१ | १४.७४ |
| | **कुल लगानी** | **१०६९७.६२** | **१२४८७.९९** | **१६.७४** |

कोषले लगानी गर्दा लगानी नीति, २०७५ को परिधिभित्र रही लगानीका क्षेत्र र अवसरहरुको पहिचान तथा जोखिम विश्लेषण गरी लगानी गर्ने गरेको छ। लगानीका क्षेत्रहरु मध्ये न्यासधारी कोषहरुको रकम कम जोखिमयुक्त क्षेत्रको पहिचान गरी लगानी गर्नु पर्ने भएकोले यसको हिस्सा अझै पनि बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा केन्द्रित रहेको छ। लगानीको वातावरण सुधार हु'दै आएकोले आगामी दिनमा लगानीलाई विविधीकरण गरी उत्पादनशील तथा पूर्वाधार विकासको क्षेत्रमा विस्तार गर्ने तर्फ पहल गरिने जानकारी गराउन चाहन्छु।

### ३.३ पुँजीबजार सेवाको स्थिति :

मर्चेन्ट बैंकिङ्ग सम्बन्धी सेवामा आर्थिक वर्ष २०७५/७६ मा कोषको सार्वजनिक शेयर निष्काशन तथा बिक्री प्रबन्धक लगायत प्रत्याभूति प्रबन्ध तथा शेयर रजिष्ट्रार सेवाको कुल कारोबार रु.४ अर्ब २९ करोड ७३ लाख रहेको छ। उक्त बर्ष मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोबारमा लक्ष्य अनुरुप नै प्रगति हासिल भएको देखिन्छ। यस्ता सेवाहरु प्रदान गरी आर्थिक वर्ष २०७५/७६ मा रु.१ करोड ७८ लाख आम्दानी गरिएको छ (तालिका नं ४)।

**तालिका नं ४ : पुँजीबजार सेवाको कारोबार विवरण**

( रकम रु. करोडमा)

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष २०७५/७६ |
|---|---|---|---|
| १. | निष्काशन तथा बिक्री प्रबन्धक सेवा | ५४४ | ३१९.५० |
| २. | रजिष्ट्रार सेवा | ९० | ११०.२३ |
| | **जम्मा** | **६३४** | **४२९.७३** |

### ४. आर्थिक बर्ष २०७५/७६ मा कोषले आर्जन गरेको मुनाफा तथा उक्त मुनाफाको बाँडफाँड स्थिति देहाय बमोजिम रहेको छ।

### ४.१. सञ्चालन तथा मुनाफाको स्थिति :

आर्थिक वर्ष २०७४/७५ मा रु.७१ करोड ३७ लाख कूल आम्दानी भएकोमा रु. २२ करोड ५१ लाख सञ्चालन तथा अन्य खर्च भई कर रु. १३ करोड २ लाख पछिको खुद मुनाफा रु.३५ करोड ८४ लाख रहेको थियो भने आर्थिक वर्ष २०७५/७६ मा कोषले रु.८४ करोड ३३ लाख कुल आम्दानी गरेकोमा रु.२२ करोड ८१ लाख सञ्चालन तथा अन्य खर्च भई कर रु. १५ करोड २९ लाख पछिको खुद मुनाफा रु.४६ करोड २३ लाख रहेको छ (तालिका नं ५)।

**तालिका नं ५ : सञ्चालन तथा मुनाफाको स्थितिः**

(रकम रु. लाखमा)

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७४/७५* | आर्थिक वर्ष २०७५/७६ | बृद्धि/न्युन प्रतिशत |
|---|---|---|---|---|
| १. | कूल आय | ७१३७ | ८४३३ | २०.०० |
| २. | कूल खर्च | २२५१ | २२८१ | ११.१२ |
| ३. | खुद नाफा (करअघि) | ४८८६ | ६१५२ | २३.६३ |
| ४. | आयकर | १३०२ | १५२९ | १०.५६ |
| ५. | करपछिको नाफा | ३५८४ | ४६२३ | २८.७० |

*NFRS adjusted

**४.२. नाफा–नोक्सान बाँडफाँडको स्थिति :**

कोषको आर्थिक वर्ष २०७५/७६ को कर पछिको खुद नाफा रु.४६ करोड २३ लाख रहेको छ। उक्त रकमबाट नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४० र ४१ मा भएको व्यवस्था अनुसार रु.९ करोड २४ लाख ५७ हजार साधारण जगेडामा राखी बाँकी रकम मध्येबाट आ.व. २०७५/७६ मा २२ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि छुट्ट्याइएको) वितरणको लागि शेयरधनी समक्ष प्रस्ताव गरिएको व्यहोरा अनुरोध गर्दछु।

**४.३ कोषको हकप्रद शेयर सम्बन्धमा :**

कोषको चुक्ता पुँजी रु. ३ अर्ब पुऱ्याउन नेपाल सरकारबाट स्वीकृति प्राप्त भइसकेको परिप्रेक्ष्यमा कोषले हकप्रद शेयर जारी गर्नुपर्ने भएकोले प्रस्तावित बोनस शेयर पछि कायम हुने चुक्ता पुँजीमा सबै शेयरधनीहरुका लागि १:०.८२८४ अर्थात् ८२.८४ प्रतिशत हकप्रद शेयर निष्काशन गर्न समेत यसै साधारण सभामा प्रस्ताव पेश गरेको व्यहोरा अनुरोध छ।

**५. आर्थिक वर्ष २०७६/७७ मा कोषमा भएका गतिविधि तथा क्रियाकलापहरु :**

**आदरणीय शेयरधनी महानुभावहरु,**

आर्थिक वर्ष २०७६/७७ मा कोषमा बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम, पेन्सन/उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना, बीमा कोष योजना तथा पु‘जी बजार सम्बन्धी सेवालाई निरन्तर रुपमा सञ्चालन गरिएको छ।

**५.१ नागरिक पेन्सन योजना संचालन :**

हालै, नयाँ कार्यक्रमको रुपमा कोषले संचालन गर्न लागेको नागरिक पेन्सन योजनाको कार्यविधि तयार भई कोष संचालक समितिबाट स्वीकृत भएको छ। स्वरोजगारमा रहेका र वैदेशिक रोजगारमा रहेका नागरिकहरुलाई पनि नागरिक पेन्सन योजनामा समावेश गरी सामाजिक सुरक्षा प्रदान गर्ने तथा सहभागीहरुलाई विविध प्रकारका सेवा तथा सुविधाद्वारा लाभान्वित बनाउने कोषको योजना अनुरुप यो कार्यक्रम संचालन गर्नका लागि प्रक्रियाहरु अगाडि बढाइएको छ।

**५.२ स्टक डिलर संचालन :**

देशको पुँजीबजारलाई गतिशिल तथा प्रभावकारी बनाउनका लागि ५१ प्रतिशत नागरिक लगानी कोष, दश प्रतिशत नेपाल पुनर्वीमा कम्पनी लिमिटेड, नौ प्रतिशत नेपाल दुरसंचार कम्पनी लिमिटेड र तीस प्रतिशत सर्वसाधारणको शेयर स्वामित्व रहने गरी **नागरिक स्टक डिलर कम्पनी लिमिटेड** कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई नियमनकारी निकायसंग इजाजत पत्र लिने लगायतका अन्य पूर्वाधार तयारीका कार्यहरु अगाडि बढाइएको छ।

### ५.३ बचत परिचालन :

कोषको वित्तीय विवरण अनुसार २०७६ असार मसान्तसम्ममा रु.१ खर्ब २३ अर्ब ९१ करोड कोष संकलन रहेकोमा २०७६ चैत मसान्तसम्ममा १.५८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २५ अर्ब ८७ करोड पुगेको छ। कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा संक्रमण नियन्त्रणका लागि २०७६ चैत ११ पश्चात गरिएको लकडाउनका कारण कोष संकलनको वृद्धिदर सामान्य दरमा न्यून देखिएको छ।

### ५.४ लगानी व्यवस्थापन :

२०७६ असार मसान्तसम्ममा कोषले विभिन्न क्षेत्रमा गरी रु.१ खर्ब २४ अर्ब ८७ करोड लगानी गरेको थियो भने २०७६ चैत्र मसान्तसम्ममा यस्तो लगानी अघिल्लो वर्षको तुलनामा १३.९२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४२ अर्ब २५ करोड पुगेको छ।

### ५.५ पुँजीबजार सेवा :

कोषले पुँजी बजारको दीगो विकास तथा विस्तारको लागि हालसम्म विभिन्न संगठित संस्थाहरुको संस्थापक तथा साधारण शेयर दुवैको प्राथमिक निष्काशनका लागि बिक्री प्रबन्धकको कार्य गरिरहेको छ भने कोषले विभिन्न संस्थाबाट निष्काशन गरिएका शेयरहरुको प्रत्याभूति समेत गर्दै आएको छ। यसैगरी कोषले दोस्रो बजारबाट शेयर खरीद बिक्रीको कार्य पनि निरन्तर रुपमा गरिरहेको छ।

### ५.६ समस्याग्रस्त वित्तीय संस्थामा रहेको निक्षेप असुली :

कोषको विभिन्न वित्तीय संस्थाहरुमा रहेको मुद्दती निक्षेप मध्ये समस्याग्रस्त भएका वित्तीय संस्थामा रहेको निक्षेप रु.४४ करोड (सावाँ मात्र) मध्ये रु.९२ लाख (सावाँ व्याज सहित) असुली भएको छ भने बाँकी रकम असुल उपर गर्न निरन्तर प्रयत्न भईरहेको छ। कतिपय यस्ता संस्थाहरु विघटन गर्ने प्रक्रियामा रहेको र कतिपय संस्था कानूनी उपचारका लागि अदालती प्रक्रियामा रहेकोले थप रकम असुल गर्न कठिनाई भइरहेको छ।

### ५.७ बैंक रिकन्सिलेसन सम्बन्धमा :

कोषको अन्तरयोजना लेनदेन सम्बन्धी हिसाव मिलान चालू आ.व. २०७६/७७ मा सम्पन्न गरिएको छ भने आ.व. २०७५/७६ को बैंक रिकन्सिलेसन कार्य भइरहेको छ। साथै, नयाँ सफ्टवेयर कार्यान्वयनमा ल्याउँदा सम्पूर्ण हिसाव मिलान गरी Data Migration गरिने छ। आगामी आर्थिक वर्षको लेखा परीक्षणको प्रतिबेदनमा बैंक रिकन्सिलेसन सम्बन्धी कैफियत नआउने गरी हिसाव भिडान कार्य प्रारम्भ गरिएको छ।

### ५.८ सुचना प्रविधि :

कोषले विकास गरिरहेको NLK Web Based Software उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना र केन्द्रीय हिसाबमा WBS Software पूर्ण रुपमा लागू गरिएको छ। बाँकी कार्यक्रमहरु (क.ब.वृ. अवकाश कोष, लगानी मोड्युल, आवाश कर्जा, सरल कर्जा र पुँजी बजार) को लागि UAT (User Acceptance Test) तथा Data Varification को कार्य भईरहेको हुदा २०७७ श्रावण १ गते देखि लागू गर्ने योजना रहेको छ।

### ५.९ भवन निर्माण सम्वन्धमा :

कोषले नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जग्गामा कोषको कर्पोरेट भवनको निर्माण कार्य तीब्र रुपमा अगाडी बढिरहेको र करिब दुई तिहाई Structures को कार्य सम्पन्न भइसकेको छ भने कोष र शहरी विकास तथा भवन निर्माण विभाग बीचको सम्झौता र शहरी विकास तथा भवन निर्माण विभाग र ठेकेदार कम्पनी बीच भएको सम्झौता अनुसार २०७८ साल असार भित्र भवन निर्माणको सम्पूर्ण काम सम्पन्न हुने अवस्थामा रहेको छ।

### ५.१० विनियमावली तथा कार्यविधि सम्बन्धमा :

कर्मचारी सेवा शर्त विनियमावली लोकसेवा आयोगबाट परिमार्जन तथा अर्थ मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।

कोषको आन्तरिक कार्य सम्पादनका लागि आवश्यक पर्ने बीमा कोष संचालन कार्यविधि २०७६ र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि, २०७६ तयार गरी लागू गरिएको छ।

५.११ **लेखापरीक्षण कार्य** :

आर्थिक वर्ष २०७५/७६ को कोषको लेखापरीक्षण कार्य सम्पन्न गरी महालेखा परीक्षकबाट प्रतिवेदन प्राप्त भई साधारण सभाबाट पारित गर्न प्रस्ताव गरिएको छ भने आ.व.२०७६/७७ को आन्तरिक लेखापरीक्षण कार्य भइरहेको छ। आगामी वार्षिक साधारण सभा कोषले नागरिक लगानी कोष ऐन, २०४७ को प्रावधान अनुरुप नै नियमित रुपमा गर्न प्रयत्नरत रहेका छौं।

५.१२ **कर्मचारी आचार संहिता निर्देशिका, २०७६** :

कोषको संस्थागत सुशासनका लागि कर्मचारी आचार संहिता निर्देशिका, २०७६ लागू गरिएको छ। कर्मचारी आचारसंहिता लागु भए पश्चात कर्मचारीहरुमा आफ्नो उत्तरदायित्व र जिम्मेवारी बहन गर्ने सम्बन्धमा मार्ग निर्देशन गरेको छ भने संस्थागत सुशासन र स्वःनियमनमा रहन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

५.१३ **सामाजिक उत्तरदायित्व सम्बन्धमा** :

सामाजिक उत्तरदायित्व अन्तर्गत कोषले कोटेश्वर, सुविधानगर स्थित मदन भण्डारी स्मृति बाटिका संरक्षण समितिलाई रु.२ लाख र काठमाडौं महानगरपालिका वडा नं १४ बल्खु चोक देखि कुमारी क्लव हुँदै त्रिभुवन विश्वविद्यालय गेटसम्म सडकको दुवै तर्फको पेटीमा लक्ष्मी बैंक लि. र सिद्धार्थ बैंक लि. सँग सहकार्य गरी उक्त क्षेत्रबाट निर्वाचित जनप्रतिनिधि लगायत काठमाडौं महानगरपालिकाको अगुवाइमा ३ सय विरुवा लगाई मलजल गर्न तथा संरक्षण गर्न रु. ३ लाख ५२ हजार आर्थिक सहयोग प्रदान गरिएको छ। यसैगरी विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोभिड नियन्त्रण, उपचार, रोकथाम तथा राहत कोषमा संस्थाको तर्फबाट रु.२ करोड र संचालक समितिका सदस्यहरुको बैठक भत्ता लगायत कर्मचारीहरुको तलबबाट कट्टी गरिएको रकम रु.६ लाख १४ हजार ४ सय ८१ समेत गरी जम्मा रु.२ करोड रु.६ लाख १४ हजार ४ सय ८१ योगदान गरिएको छ।

५.१४ **नेपाल सरकारको राजश्वमा योगदान** :

आर्थिक वर्ष २०७५/७६ को नियमानुसार कायम हुन आएको आर्जित मुनाफामा कोषले नेपाल सरकारलाई संस्थागत आयकर र स्रोतमा करकट्टी गरी जम्मा रु. १५ करोड २९ लाख योगदान गरेको छ।

६ **सम्भावना र चुनौतीहरु** :

कोषको संस्थागत सुधार गर्दै कार्य बिस्तार गर्ने अवसर तथा सम्भावना प्रसस्त रहेको र यसको साथसाथै चुनौतिहरु पनि थपिएको व्यहोरा अवगत गराउन चाहन्छु।

६.१ कोषले संचालन गरिरहेका अवकाश कोष कार्यक्रमका सहभागीहरु विशेष गरी सरकारी र सीमित रुपमा गैर सरकारी तथा निजी प्रतिष्ठान मात्र समेटीएको हुँदा कार्य दायरा विस्तार गर्ने सम्भावना प्रसस्त रहेको छ। आर्थिक गतिविधिमा संलग्न स्वरोजगारहरुको ठूलो हिस्सा अझै कोषको कार्यक्रमको परिधिभन्दा बाहिर रहेको छ। वैदेशिक रोजगारमा रहेका नेपालीहरु पनि कोषको वचत कार्यक्रममा समेटीन सकेका छैनन्। तसर्थ, कोषले विद्यमान कार्यक्रमहरु विस्तार गर्नुको साथै नयाँ कार्यक्रमहरुको शुरुवात गर्न योजनाबद्ध रुपमा अघि बढेको छ। यसै अनुरुप यस वर्ष एक नयाँ कार्यक्रम **नागरिक पेन्सन योजना** समेत अघि सारिएको छ।

६.२ अवकाश कोष कार्यक्रमका सहभागीहरुलाई सेवाबाट निवृत्त भएपछि Annuity मा आधारित पेन्सन कार्यक्रम संचालन गर्न सकिने सम्भावना रहेको छ। यसको लागि कोषले अध्ययन कार्य अघि बढाएको छ।

६.३ संगठित संस्थाहरुले कर्मचारीको पेन्सन कोष विशिष्ठिकृत संस्थाहरु मार्फत सञ्चालन गर्नु पर्ने नेपाल सरकारको नीति अनुरुप सार्वजनिक तथा संगठित संस्थाहरुको पेन्सन कोष सञ्चालन गर्ने अवसर आएको छ। कोषले यस्तो कार्य सञ्चालन गर्ने पहल कदमी शुरु गरेको छ।

६.४ पुँजीबजारको विकासमा कोषले महत्वपूर्ण भूमिका खेल्न सक्ने सन्दर्भमा पछिल्लो समयमा नेप्सेमा सूचिकृत कम्पनीहरुको दोस्रो

बजार कारोवारको थालनी गरिएको छ भने कोष कै सक्रियतामा **नागरिक स्कट डिलर कम्पनी** स्थापना गरिएको छ।

६.५ नेपाल सरकारद्वारा संचालित सामाजिक सुरक्षा कोषमा निजी तथा संगठित संस्थाका कर्मचारीहरु आबद्ध हुनु पर्ने अनिवार्य व्यवस्थाले यो संस्थाको अवकास कोष र उपदान कोष कार्यक्रम प्रभावित हुँदै गएको छ। त्यसैगरी, विगतदेखि संचालनमा रहेको वीमा कोष कार्यक्रम राष्ट्रिय वीमा संस्थानलाई हस्तान्तरण गर्नु पर्ने वाध्यताले कोषको बचत परिचालन प्रभावित भएको छ। तसर्थ, कोषले नयाँ कार्यक्रम मार्फत कार्य दायरा बिस्तार गर्नु पर्ने चुनौति थपिएको छ।

६.६ कोषको सेवा गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता समेत बढाउन जनशक्तिलाई थप व्यवसायीक बनाउने, विद्युत्तीय कार्य सस्कृतिको विकास गर्दै कागज रहित कार्य प्रणालीको विकास गर्ने र यसको लागि विद्युत्तीय प्रविधिमा लगानी प्रसस्त बढाउनु पर्ने चुनौति रहेको छ। विद्युत्तीय कारोवारलाई सुरक्षित बनाउनु पनि उत्तिकै चुनौतिपूर्ण छ।

६.७ कोषको संकलित रकम वाणिज्य बैंकको मुद्दती खातामा अधिकेन्द्रित रहेको र हाल यस्तो निक्षेपको ब्याजदर घट्दै गएको सन्दर्भमा लगानी विविधीकरण गर्दै साधनको उच्च प्रतिफल कायम राख्नु चुनौतिपूर्ण छ। चालू आर्थिक वर्षको पछिल्लो समयमा महामारीको रुपमा फैलिएको कारोना भाइरस (कोभिड १९) को असर र राष्ट्रिय स्तरको बन्दाबन्दीले अर्थतन्त्रमा परेको प्रभावका कारण कोषले विगतका वर्षहरुमा प्राप्त गरेको आम्दानी कायम राख्नु चुनौतिपुर्ण रहेको छ।

## ७. भावी योजना तथा कार्यक्रम :

नागरिक लगानी कोष ऐनले निर्दिष्ट गरेका काम, कारवाही र अधिकारको उचित प्रयोगबाट संस्थालाई प्रभावकारी ढंगबाट अगाडि बढाउँदै सहभागी तथा शेयरधनीहरुलाई अधिकतम प्रतिफल तथा गुणस्तरीय सेवा उपलब्ध गराउन निम्नानुसारको भावी योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ।

### ७.१ बचत संकलनको क्षेत्र विस्तार :

कोषले सामाजिक सुरक्षाको क्षेत्रमा नसमेटिएका सर्वसाधारणहरुलाई समेट्ने गरी संचालन गर्न लागेको **नागरिक पेन्सन योजना**लाई प्रवर्द्धन गर्दै लैजाने योजना रहेको छ। सामाजिक सुरक्षणका कार्यक्रमको दायरालाई थप फराकिलो बनाउनका लागि कोषले स्वरोजगारमा रहेका पेशा व्यवसायी तथा कृषकहरुलाई पनि यस कार्यक्रममा आवद्ध गर्ने योजनाका साथ कोष अगाडि बढेको छ।

### ७.२ लगानीको क्षेत्र तथा दायरा विस्तार :

नेपाल सरकारका योजनामा पर्ने विभिन्न परियोजनाहरुमा कोषले लगानी गर्ने तथा कोषले सहभागीहरुलाई प्रदान गर्दै आएको आवाश कर्जाको क्षेत्र विस्तार गर्ने कोषको योजना रहेको छ।

### ७.३ पुँजी बजार सेवा विस्तार :

पुँजीबजारका क्षेत्रमा देखिएको अप्रत्याशित उतार चढावलाई स्थिरता दिई पुँजी बजारमा कोषको भूमिका स्थापित गर्न कोषले आफ्नो सहायक कम्पनी **नागरिक स्टक डिलर कम्पनी** स्थापना गरी कार्य अगाडि बढाइसकेको छ। पुँजीबजारका औजारलाई थप प्रभावकारी बनाउनका लागि कोषले बन्दमुखी सामूहिक कोष संचालन गर्ने योजना रहेको छ।

### ७.४ मानव संसाधन विकास :

कोषको कार्य प्रकृतिको आधारमा सक्षम कर्मचारी व्यवस्थापन गर्न दीर्घकालिन लक्ष्य राखी जनशक्ति योजना तयार गरिने छ। कोषका कर्मचारीहरुलाई कोषले गर्ने कार्यहरुमा सक्षमता तथा प्रभावकारिता अभिबृद्धि गर्न आवश्यकता अनुसार स्वदेश तथा विदेशमा तालिम दिने व्यवस्था मिलाइने छ।

### ७.५ सूचना प्रविधिको विकास :

कोषले विकास गरिरहेको NLK Web Based Software आगामी आर्थिक वर्षको शुरु देखि नै पूर्ण रुपमा लागू गर्ने योजना रहेको छ। सम्पूर्ण सहभागीहरुको KYC अद्यावधिक गरी कोषको संकलन तथा भुक्तानी प्रणालीलाई e-payment द्वारा व्यवस्थित गर्ने दिशातर्फ

कोष अगाडि बढिरहेको छ।

७.६ शाखा कार्यालयहरुको सुदृढीकरण एवं सेवा विस्तार ः

हाल पोखरा र विराटनगरमा संचालनमा रहेका दुई प्रदेशका शाखा कार्यालयहरु बाहेक प्रदेश ५ र सुदुर पश्चिम प्रदेशमा शाखा कार्यालय विस्तार गर्ने तथा अन्य प्रदेशमा शाखा खोल्नका लागि सम्भाव्यता अध्ययन गरिने छ।

**७.७ भवन निर्माण** ः

कोषले आगामी वर्ष भित्रमा कोषको निर्माणाधिन नयाँ भवनको निर्माण कार्य सम्पन्न गरी उक्त भवनमा कार्यालय स्थानान्तरण गरिने छ। साथै, सोही अवधिमा हाल कार्यालय रहेको कोषको जग्गामा व्यावसायिक भवन निर्माण गर्ने प्रक्रिया पनि अगाडि बढाइनेछ।

**८ गत वर्षको साधारण सभामा शेयरधनीले उठाएका विषयहरु ः–**

गत आर्थिक वर्षको साधारणसभामा शेयरधनी महानुभावहरुले उठान गर्नुभएका महत्वपूर्ण विषय, दृष्टिकोण र सुझावहरुको कार्यान्वियनको अवस्था तथा तत्सम्वन्धमा भइरहेको प्रगतिहरु निम्न अनुसार रहेको जानकारी गराउन चाहन्छु।

कोषको रिकन्सिलेसन तथा हिसाबहरु अद्यावधिक गर्ने सम्बन्धमा कोषले हालसम्म केन्द्र तथा ११ वटा कार्यक्रमहरुको अन्तरहिसाब मिलान गरिसकेको छ भने आ.व. २०७६/७७ को बैंक रिकन्सिलेसन अन्तिम चरणमा पुगेको छ।

सबै प्रदेशमा कोषको प्रादेशिक शाखा कार्यालय खोल्नुपर्ने यहाँहरुको सुझावलाई मध्यनजर गर्दै कोषले यही आर्थिक वर्ष २०७६/७७ मा दुई वटा प्रदेशमा शाखा कार्यालय खोल्ने कार्ययोजना रहेकोमा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि भएको बन्दाबन्दीका कारण शाखा कार्यालय स्थापना गर्न कठीनाई भएकोले आगामी आर्थिक वर्ष २०७७/७८ मा सो कार्य अगाडि बढाइने जानकारी दिन चाहन्छु।

कोषले संस्थागत लगानीकर्ता/स्टक डिलरको कार्य गर्नुपर्ने यहाँहरुको सुझाव अनुसार उक्त कार्य गर्न एक सहायक कम्पनी **नागरिक स्टक डिलर कम्पनी लि**. स्थापना गरी कार्य शुरु गरिसकेको जानकारी गराउन चाहन्छु।

कोषको ग्राहकमैत्री व्यवसायिक भवन यथाशिघ्र निर्माण गर्नुपर्ने यहाँहरुको सुझावलाई मध्यनजर राख्दै कोषको नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जमिनमा कोषको प्रस्तावित भवन नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभाग मार्फत तदारुकताकासाथ निर्माण भइरहेको र दुई तिहाई संरचना तयार भइसकेको जानकारी दिन चाहन्छु।

कोषले NFRS लागु गरी परिस्कृत वित्तीय विवरण ल्याउनुपर्ने यहाँहरुको सुझावलाई मध्यनजर गर्दै कोषले NFRS अनुसार केन्द्रीय हिसाबको वित्तीय विवरण तयार गरेको जानकारी दिन चाहन्छु। साथै, बार्षिक प्रतिवेदनलाई परिष्कृत गर्ने यहाँहरुको विगतका साधारण सभामा व्यक्त सुझावलाई कार्यान्वयन गरी तदअनुरुप नै बार्षिक प्रतिवेदन तयार गरिएको छ।

**९. सञ्चालक समितिमा भएको हेरफेर** ः

कोषको सञ्चालक समितिमा देहाय बमोजिम हेरफेर भएको व्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहन्छु।

कोषको संचालकमा नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव श्री चन्द्रकला पौडेल अन्य मन्त्रालयमा सरुवा भई गए पश्चात् उक्त संचालक पद केही समय रिक्त रही मिति २०७६/०६/०५ मा सो स्थानमा नेपाल सरकार, अर्थ मन्त्रालयको निर्णय बमोजिम नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५ को उपदफा २ को (च) अन्तर्गत सह सचिव श्री यज्ञप्रसाद ढुंगेल नियुक्त भई आउनु भएको जानकारी गराउँदछु।

**१०. धन्यवाद ज्ञापन** ः

कोषलाई समयको गतिसँगै सक्षम, सुदृढ र गतिशील बनाउन शेयरधनी महानुभावहरुबाट निरन्तर रुपमा प्राप्त भइरहेको अमुल्य सहयोग, सद्भाव र सुझावको निमित्त म हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु।

कोषको प्रगतिमा सदैव सहयोग पुऱ्याउने महालेखापरीक्षकको कार्यालय, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, राष्ट्रिय वीमा संस्थान नेपाल स्टक एक्सचेन्ज लिमिटेड, विभिन्न वित्तीय संस्थाहरु एवम् अन्य सहयोगी संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। कोषलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन र सुझाव प्रदान गर्नु हुने सम्पूर्ण शुभेच्छुक तथा सहभागीहरुप्रति संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट समेत धन्यवाद दिन चाहन्छु।

कोष परिवारको रुपमा कार्यरत रहँदै कोषको उन्नति र प्रगतिमा लगनशीलताका साथ लागिरहनु भएका कोष व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी वर्गलाई धन्यवाद दिन चाहन्छु। आगामी दिनमा यहाँहरु सबैबाट विगतमा जस्तै सद्भाव र सहयोगको निरन्तरतासँगै कोषको प्रगतिका लागि अझ थप रचनात्मक सहयोग, सद्भाव र सुझाव प्राप्त भइरहने छ भन्ने अपेक्षा गरेको छु।

धन्यवाद !

**प्रा.डा. रामचन्द्र भट्टराई**
**अध्यक्ष**
कोष सञ्चालक समिति
२०७७ आषाढ २०

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)


प.सं. : ०७६।७७ – ३४२

च.नं. :

मितिः २०७७।०१।२२

श्री कार्यकारी निर्देशकज्यू,
नागरिक लगानी कोष,
वानेश्वर, काठमाण्डौ ।

विषयः अन्तिम लेखापरीक्षण प्रतिवेदन ।

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नागरिक लगानी कोषको यसै साथ संलग्न २०७६, आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र लेखा सम्वन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरुमा व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्वन्धित प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयार गर्ने सिलसिलामा जालसाजी, त्रुटी लगायतका सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा रणनीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखा परीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आस्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण वारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्वन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभुत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्वन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणवाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता वारे लेखापरीक्षणवाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सार्न्दभिकता, विश्लेषण र लेखाअनुगमनको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणवाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय बिवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **प्रतिबेदन:** नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४७ बमोजिम कोषले आर्थिक वर्ष समाप्त भएको नौ महिना भित्र लेखा परिक्षणको प्रतिबेदन र कोषको काम तथा कारोवारसंग सम्वन्धित कुराको संश्लेषित विवरण नेपाल सरकार समक्ष दिनुपर्नेमा सो भएको देखिदैंन । त्यस्तै ऐनको दफा १९ (१) मा लगानीकर्ता हिसाव योजनामा कोषले प्रत्येक आर्थिक वर्षमा दिने प्रतिफल दर नेपाल सरकारले समय समयमा सुचना प्रकाशित गरी तोकिदिए बमोजिम हुने व्यवस्था रहेतापनि नेपाल सरकारले तोकेको अवस्था देखिदैंन । नेपाल सरकारको सहमति बेगर कोषले प्रतिफल दिने र प्रतिफलको निर्धारण गर्ने व्यवस्था हुनुपर्दछ । वीमा योजना लगायत अन्य महत्वपुर्ण नीतिगत निर्णयमा सरकारको सहमति वा स्वीकृति लिएर मात्र निर्णय हुनु पर्दछ ।

४.२ **अन्तर कोष लेनदेन हिसाब :** कोषको विभिन्न स्कीमको अन्तर योजनाको हिसाव अद्यावधिक तथा भिडान गरि राख्नुपर्नेमा कोषको अन्तर योजना हिसावमा कोष तथा योजनाहरुको एक अर्काको कारोवारको भिडान नभएको रकम कुल डेविट फरक रु.८० करोड ७० लाख वाट कुल क्रेडिट फरक रु.५२ करोड ९६ लाख घटाउदा खुद फरक डेबिट रु. २७ करोड ७३ लाख रहेको छ। केन्द्र र विभिन्न स्कीमहरु तर्फको अन्तर हिसाव मिलानमा ठुलो रकम फरक परेको देखिन्छ। भिडान नगरी तयार गरेको वित्तीय विवरणले कोषको वित्तीय स्थितिको यथार्थ चित्रण नगर्ने हुंदा हिसाव भिडान गरी यथार्थ हिसाव राख्नु पर्दछ ।

४.३ **वैंक मौज्दात हिसाब मिलान :** कोषको आर्थिक कार्यविधि विनियमावली २०६८ को नियम ८ वमोजिम कोषको श्रेस्ताले देखाएको वैंक मौज्दात रकम र वैंक स्टेटमेन्ट अनुसारको कारोवारको मौज्दात रकम आवधिक रुपमा हिसाव मिलान गरी अध्यावधिक गर्नुपर्नेमा सो भए गरेको देखिदैंन । कर्मचारी वचत वृद्धि अवकाश कोष तर्फ रु.२८ अर्व ५४ करोड, उपदान कोष योजनाको रु.६ करोड ६५ लाख, शिक्षक बीमा योजना अर्न्तगत रु.१ अर्व ८९ करोड, लगानीकर्ता हिसाव योजना तर्फ रु.१ करोड ३३ लाख ऋणात्मक रहेको छ । यसैगरी नागरिक एकांक योजना, विमा कोष, सशस्त्र प्रहरी वीमा कोष लगायतमा ऋणात्मक मौज्दात रहेको छ। कोषको केन्द्र तर्फ २०७६ आषाढ मसान्तको वित्तीय विवरणमा १३ वटा वैंक खातामा मौज्दात रु ९९ करोड ४९ लाख ऋणात्मक रहेको छ। कुल जम्मा केन्द्र तर्फ र विभिन्न योजनाहरुको वैंक खातामा जम्मा वैंक मौज्दात रु. ६ अर्व ३५ करोड ७६ लाख रहेको छ भने रु. ३१ अर्व ८८ करोड ६३ लाख ऋणात्मक मौज्दात रहेको छ। कोषको केन्द्रीय कार्यालयको वैंक मौज्दात रकम १४ वटा वैंकमा ४१ वटा वैंक खाताहरु रहेको छ। धेरै अनावश्यक वैङ्क खाताहरु राख्नु उपयुक्त देखिएन। वैंक हिसाव भिडान समयमै तयार नगर्दा वैंक स्टेटमेन्टले देखाउने मौज्दात र कोषको श्रेस्ताले देखाउने मौज्दातमा ठूलो अन्तर रहने, ऋणात्मक मौज्दात देखिने र रकम हिनामिना भएमा पत्ता नलाग्ने स्थिति देखिन्छ। समयमै हिसाव मिलान गर्न गत वर्ष समेत औंल्याईएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

४.४ **आवधिक वित्तिय बिबरण :** कोषको आर्थिक प्रशासन सम्वन्धी विनियमावली २०६८ को विनियम २१ बमोजिम जिम्मेवार व्यक्तिले आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक र वार्षिक लेखाको विवरण वुफाउनु पर्ने व्यवस्था गरेको छ। त्यस्तै विनियमावलीको विनियम २३ बमोजिम कोषको वार्षिक नाफा नोक्सान सहितको वासलात तयार गरी आर्थिक वर्ष समाप्त भएको पैतालीस दिन भित्र कार्यकारी निर्देशक समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ। तर कोषले उल्लेख भए बमोजिमको विवरणहरु समयमा तयार नगरेकाले कानुनको पालना भएको छैन । तोकिएको समय भित्र वित्तीय विवरण तयार गर्नु पर्दछ।

४.५ **कोष नियन्त्रण र परिचालन :** नागरिक लगानी कोष आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम ४ अनुसार कोषको फण्डमा प्राप्त हुने सम्पूर्ण रकमहरु सञ्चालक समितिले तोकिदिएको वाणिज्य

बैंकहरुमा कार्यक्रमगत रुपमा नन्अपरेटिभ खाता खोली जम्मा गर्नुपर्ने र भुक्तानी प्रयोजनको लागि कार्यक्रमगत कार्य संचालन खाता राख्नुपर्ने व्यवस्था रहेको छ। नन्अपरेटिभ खातामा जम्मा भएको रकम भुक्तानी खातामा ट्रान्सफर गरी खर्च गर्नुपर्ने उल्लेख भएकोमा कोषले नन्अपरेटिभ खाता संचालन नगरी प्राप्त भएका सबै आम्दानी कार्य संचालन खातामा जम्मागरी खर्च गरेको छ। यसबाट विनियमावलीमा उल्लेख भएको व्यवस्था पालना भएको छैन। विनियमावलीको पालना नभएको एवं वित्त नियन्त्रणमा प्रभावकारिता नदेखिएको व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा यस वर्ष पनि अवस्था यथावत रहेको छ।

४.६ गत वर्षको कारोवार : लेखाको सर्वमान्य प्रोधभावी सिद्धान्त अनुसार जुन अवधिको आम्दानी वा खर्च हो सोही अवधिमानै लेखांकन गर्नुपर्नेमा सो भए गरेको पाइएन। व्यवस्थापन शुल्क आम्दानी तर्फ केन्द्रले नेपाल कृषी अनुसन्धान परीषद् बीमा कोषको व्यवस्थापन शुल्क बापतको आर्थिक वर्ष २०६९/२०७० को आम्दानी रु १८ हजार आर्थिक वर्ष २०७५/२०७६ मा मात्र आम्दानी बांधेको छ। लाभांश आय तर्फ केन्द्रले आर्थिक वर्ष २०७३/२०७४ र २०७४/२०७५ को लाभांश आय क्रमश रु ९ लाख ८३ हजार र रु १३ लाख १३ हजार आम्दानी आर्थिक वर्ष २०७५/२०७६ मा बांधेको छ। खर्च तर्फ केन्द्रको आर्थिक वर्ष २०७१/२०७२ देखिको खर्च रु ९ लाख ५२ हजार सम्बन्धित आर्थिक वर्षमा नै व्यवस्था गरी खर्च देखाउनु पर्नेमा यस वर्ष खर्च लेखेको पाईयो।

४.७ कर्मचारी बोनस वितरण सम्बन्धमा : बोनस ऐन, २०३० अन्तर्गत वितरण गरिने बोनस आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो बोनस आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र वितरण गर्न नसक्ने भएमा सोको कारण उल्लेख गरी श्रम कार्यालय समक्ष निवेदन गरेमा श्रम कार्यालयले बढीमा तिन महिना म्याद थप गर्न सक्ने वा अर्को आर्थिक वर्षमा एकै साथ दुई वर्षको बोनस बांड्ने स्वीकृति दिन सक्ने व्यवस्था छ। कोषले आर्थिक वर्ष २०७३/७४ को कर्मचारी बोनश व्यवस्था बापतको रकम दुई वर्ष पछि आर्थिक वर्ष २०७५/७६ मा वितरण गरेको देखियो।

४.८ बोनस शेयर तथा लाभांश: चालु आर्थिक वर्षमा खुद मुनाफा रु. ४६ करोड २२ लाख आर्जन गरेकोमा शेयरधनीहरुलाई २२ प्रतिशत बोनस शेयर, १.१६ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको र कर्मचारीहरुको लागि रु. ३ करोड ७ लाख ५८ हजार बोनस व्यवस्था गरेको पाईयो। कोष तथा कोष अन्तर्गतका स्किमहरुको हिसाब भिडान नभएको, बैङ्क खाताहरु भिडान नभएको तथा बैङ्क मौज्दात ऋणात्मक रहेको अवस्थामा वित्तीय विवरणले यथार्थ नाफा नोक्सान हिसाबको चित्रण नगर्ने हुनाले कोषले हिसाब यकिन गर्नुपर्ने देखिन्छ।

४.९ तिर्नुपर्ने लांभास रकम : चिलिमे जलविद्युत कम्पनी लिमीटेडको शेयर रजिष्ट्रारको कार्यभार सम्हाल्दै आएको यस कोषले उक्त कम्पनीको विगत देखिकै चिलिमेका शेयरहोल्र्डसलाई तिर्नुपर्ने लाभांस रकम रु. ५ लाख ३४ हजार र नागरिक लगानी कोषका शेयरहोल्डर्सलाई तिर्नुपर्ने लाभांश रु ७ लाख ४६ हजार विगत देखि जिम्मेवारी सार्दै आएको देखिन्छ। कम्पनी ऐन २०६३ को दफा १८२ को व्यवस्था अनुसार ५ वर्षभन्दा अधिको भुक्तानी दिन बांकी लाभांश बापतको रकम राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशित गरी कुनै शेयर धनीहरुले दाबी नगरेमा सो रकम लगानीकर्ता सुरक्षण कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। कम्पनी ऐनको व्यवस्था अनुसार तिर्नुपर्ने बांकी रकम लगानीकर्ता सुरक्षण कोषमा जम्मा गनुपर्ने देखिन्छ।

| ख) एजेन्सी खाता | – | – | – |
| ग) शाखा समायोजन खाता | – | – | – |
| घ) रेमिट्यान्स भुक्तानी योग्य | – | – | – |
| ङ) लेखापरिक्षण शुल्क | २५४,२५० | ३८१,३७५ | ३८१,३७५ |
| च) अन्य | २०९,६१५ | ४२५,५०१ | १६६,९०० |
| छ) अन्तर योजना लेनदेन | २,५६०,४१९,३७९ | २,०३७,५८८,०६७ | ८१२,४३१,२२५ |
| कर्मचारी बचत वृद्धि अवकाश योजना | – | १,१०८,८७५,३३७ | ३२६,७०६,४७८ |
| निजामती सेवा बीमा योजना | ४५८,६९६,९७९ | – | |
| उपदान कोष योजना | ४१३,०५०,१८० | – | ४७३,६५५,३८९ |
| नागरिक एकांक योजना | २५९,१४९,६३१ | ३१७,०७३,५१९ | |
| लगानीकर्ता हिसाब योजना | ८२५,२५१,१२० | ५०१,८९२,६८५ | ४,७१२,५०४ |
| नेपाल प्रहरी बीमा योजना | – | १,५६६,८०७ | – |
| सशस्त्र प्रहरी बीमा योजना | ९८,२०६,८६२ | १००,८२२,८६५ | – |
| सैनिक बीमा योजना | ४९८,३८८,६५१ | – | – |
| पेन्सन कोष | ७,६७५,९५४ | ७,३५६,८५४ | ७,३५६,८५४ |
| **जम्मा** | २,७५१,०७८,२९२ | २,२५३,६९२,८६९ | १,०६८,२२२,८०४ |

| टिप्पणी ४.२३.१ कर्मचारीहरूको दायित्व परिभाषित लाभ दायित्वहरू | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| कर्मचारी उपदान कोष | २९,६५६,९८५ | १३,९११,०८७ | ७,२७१,५९० |
| औषधि उपचार खर्चको लागि व्यवस्था | (६,१९७,२०६) | (८,८२६,२५६) | (८,९४८,७०१) |
| संचित बिदाको लागि व्यवस्था | (२,११२,६३४) | (२,९८५,५०३) | ९,८६६,७१३ |
| **जम्मा** | २१,३४७,१४५ | २,०९९,३२८ | ८,१८९,६०२ |

| टिप्पणी ४.२३.१ परिभाषित लाभ योजना सम्बन्धि दायित्वहरू | | | |
|---|---|---|---|
| वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरिएका रकमहरु निम्न बमोजिम छन् । | | | |
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| गैर कोषमा आधारित दायित्वको वर्तमान मुल्य | | | - |
| कोषमा आधारित दायित्वको वर्तमान मुल्य | १३७,२७३,६७५ | ११७,८९०,२७२ | १०२,७५०,५१५ |
| **दायित्वको कुल वर्तमान मुल्य** | १३७,२७३,६७५ | ११७,८९०,२७२ | १०२,७५०,५१५ |
| सुविधा योजना सम्पत्ति (plan assets) को फेयर मुल्य | ११५,९२६,५३० | ११५,७९०,९४४ | ९४,५६०,९१३ |
| खुद दायित्वको हालको मुल्य | २१,३४७,१४५ | २,०९९,३२८ | ८,१८९,६०२ |
| पारिभाषित लाभ योजना सम्बन्धि दायित्व | | | |

| टिप्पणी ४.२३.२ योजना सम्पत्ति | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| सरकारी बन्ड / धितोपत्र | १.११ | ०.०० | १.११ |
| कर्पोरेट बन्ड | १.५५ | १.४२ | १.५५ |
| इक्विटी शेयर | १.२० | १.४४ | १.२० |
| अन्य (मुद्धती निक्षेप) | ९६.१३ | ९७.१४ | ९६.१३ |
| **जम्मा** | १०० | १०० | १०० |

| टिप्पणी ४.२३.३ परिभाषित लाभ योजना सम्बन्धि दायित्वको वर्तमान मुल्यकमा परिवर्तन | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| श्रावण १मा परिभाषित लाभ योजना सम्बन्धि दायित्व | ११७,८९०,२७२ | १०२,७५०,५१५ | ७१,८२५,१४३ |
| विमाङ्किक (actuarial) नोक्सानी | ४,९७५,६९३ | (७,९००,६०८) | १५,११७,८८४ |
| योजनाबाट प्राप्त लाभ | (११,८५२,४५८) | (१२५,९४३) | (३४,१००) |
| चालु सुविधा खर्च तथा व्याज | २६,२६०,१६८ | २३,१६६,३०८ | १५,८४१,५८८ |
| **आषाढ मसान्तमा परिभाषित लाभ योजना सम्बन्धि दायित्व** | १३७,२७३,६७५ | ११७,८९०,२७२ | १०२,७५०,५१५ |

| टिप्पणी ४.२३.४ योजना सम्पत्तिको फेयर मुल्यमा परिवर्तन | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| श्रावण १ मा योजना सम्पत्तिको फेयर मूल्य | ११५,७९०,९४४ | ९४,५६०,९१३ | ५४,०५१,४०२ |
| योजनामा प्रदान गरिएको योगदान | २,२७८,७७६ | १४,०४०,०७६ | ३६,८७५,३१० |
| वर्षभरि तिरेको लाभ | (११,८५२,४५८) | (१२५,९४३) | (३४,१००) |
| विमाङ्किक नाफा /(नोक्सान) | ८२८,९४० | (८०५,५४०) | (१,२४०,०२३) |
| योजना सम्पत्तिबाट अपेक्षित फाइदा | ८,८८०,३२८ | ८,१२१,४३८ | ४,९०८,३२४ |
| **आषाढ मसान्तमा योजना सम्पत्तिको फेयर मुल्य** | ११५,९२६,५३० | ११५,७९०,९४४ | ९४,५६०,९१३ |

| टिप्पणी ४.२३.५ नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको रकम | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| चालु सुविधा खर्च | १७,३०३,०४५ | १४,९५१,३०५ | १०,०९६,९४१ |
| दायित्वमा व्याज | ७६,७९५ | ९३,५६५ | ८३६,३२३ |
| योजना सम्पत्तिबाट अपेक्षित फाइदा | (१,५५५,९१७) | (२,७५७,३००) | २,३१८,६०५ |
| **जम्मा** | १५,८२३,९२३ | १२,२८७,५७० | १३,२५१,८६९ |

| टिप्पणी ४.२३.६ अन्य विस्तृत आयमा देखाइएको रकम | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| विमाङ्किक (नाफा)/नोक्सान | ५,७०२,६७० | (४,३३७,७६८) | १४,०३९,३०२ |
| **जम्मा** | ५,७०२,६७० | (४,३३७,७६८) | १४,०३९,३०२ |

| टिप्पणी ४.२३.७ विमाङ्किक अनूमानहरू | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| छुट दर | ६.५०% | ८% | ८% |
| योजना सम्पत्तिबाट अपेक्षित फाइदा | ८% | ८% | ८% |
| भविष्यको तलव वृद्दि | ६% | ६% | ६% |
| Withdrawal दर | ५% | ५% | ५% |

## टिप्पणी ४.२४ जारी गरिएको ऋणपत्र

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| फेयर मूल्यलाई नाफा नोक्सान विवरणमा देखाइने गरी जारी गरिएको ऋणपत्र | - | - | - |
| परिषोधित मूल्यमा जारी गरीएको ऋणपत्र | | - | - |
| **जम्मा** | - | - | - |

## टिप्पणी ४.२५ सूरक्षण नराखिएको सहायक आवधिक दायित्व

| विवरण- | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| चुक्ता हुने अग्राधिकार शेयर | - | - | - |
| चुक्ता नहुने संचित अग्राधिकार शेयर | - | - | - |
| अन्य | - | - | |
| **जम्मा** | - | - | - |

## टिप्पणी ४.२६ शेयर पुंजी

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| साधारण शेयर | १,२६७,८६५,१५४ | ९०३,१२३,१४५ | ६०७,५००,००० |
| परिवर्त्य अग्राधिकार शेयर | | | |
| चुक्ता नहुने अग्राधिकार शेयर | | | |
| **जम्मा** | १,२६७,८६५,१५४ | ९०३,१२३,१४५ | ६०७,५००,००० |

## टिप्पणी ४.२६.१ साधारण शेयर

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| **अधिकृत पुंजी** | | | |
| ८०,०००,००० साधारण शेयर प्रति रु.१०० | ८,०००,०००,००० | १,५००,०००,००० | १,५००,०००,००० |
| **जारी पुंजी** | | | |
| ८०,०००,००० साधारण शेयर प्रति रु.१०० | ८,०००,०००,००० | १,०००,०००,००० | १,०००,०००,००० |
| **चूक्ता पुंजी** | | | |
| ११,०२३,५२१।११ साधारण शेयर प्रति रु.१०० | १,१०२,३५२,१११ | ९०३,१२३,१४५ | ६०७,५००,००० |
| कल इन एड्भान्स | १६५,५१३,०४३ | | |
| **जम्मा** | १,२६७,८६५,१५४ | ९०३,१२३,१४५ | ६०७,५००,००० |

| टिप्पणी ४.२६.२ साधारण शेयर स्वामित्व | | |
|---|---|---|
| **विवरण** | | **२०७६ आषाढ ३१** |
| **स्वदेशी स्वामित्व** | **प्रतिशत** | **शेयरको संख्या** |
| नेपाल सरकार | १०% | १,१०२,३५२ |
| राष्ट्रिय बिमा संस्था | ३१.५५% | ३,४७७,९२१ |
| नेपाल राष्ट्रिय बैंक | १३.३४% | १,४७०,५३८ |
| नेपाल स्टक एक्सचेन्ज | १०% | १,१०२,३५२ |
| नेपाल लाईफ एण्ड जनरल ईन्सुरेन्स | ४.४५% | ४८९,९९६ |
| प्रिमियर ईन्सुरेन्स कम्पनी लिमिटेड | १.८९% | २०८,३०२ |
| नेपाल बैंक लिमिटेड | २.८६% | ३१४,९८८ |
| एशियन लाईफ ईन्सुरेन्स कम्पनी लिमिटेड | ०.७५% | ८२,५९३ |
| नेपाल लाईफ ईन्सुरेन्स | ३.११% | ३४२,९५४ |
| एनआईसी एसिया बैंक लिमिटेड | १.२३% | १३६,०९३ |
| जीवन बीमा निगम लिमिटेड | ०.८२% | ९०,७२९ |
| सर्वसाधारण | २०.००% | २,२०४,७०५ |
| **जम्मा** | १००% | ११,०२३,५२१ |

| टिप्पणी ४.२७ जगेडा तथा कोषहरू | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| साधारण जगेडा कोष* | ४८७,६३९,६४३ | ३९५,१८२,८०६ | ३२३,३३६,४३८ |
| संचित मुनाफा | ६३८,६७१,९९९ | ५००,४५९,७८३ | ५२७,६५७,६३७ |
| भवन आरिक्षत | | | |
| फेयर मूल्य कोष | ३०२,०४३,४९३ | ३६९,२६४,९४६ | ४६८,११६,७१९ |
| पूनमुल्याकंन कोष | ३३२,०६०,२३५ | ३३२,०६०,२३५ | ३३२,०६०,२३५ |
| अन्य कोष | ७,५८६,१४९ | ११,८६३,१५२ | ८,६०९,८२६ |
| **जम्मा** | १,७६८,००१,५१९ | १,६०८,८३०,९२१ | १,६५९,७८०,८५५ |

*There is regulatory requirement by the Trust to set aside 20% of the net profit after tax as general reserve

## टिप्पणी ४.२८ सम्भावित दायित्व तथा प्रतिवद्धता

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| सम्भावित दायित्वहरु | – | – | – |
| अनुपयोग तथा अवितरित सुविधाहरु | – | – | – |
| पूजी प्रतिवद्धता | – | – | – |
| पट्टा प्रतिवद्धता | – | – | – |
| मुद्दा मामिला | – | – | – |
| **जम्मा** | – | – | – |

## टिप्पणी ४.२९ व्याज आम्दानी

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| नगद तथा नगद समान | – | – | – |
| नेपान राष्ट्र बैंकमा रहेको मौज्दात/लिन पर्ने | – | – | – |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | – | – | – |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | – | – | – |
| व्याज ( call account) | २२,८४५,०७० | ७,९८५,७२४ | १२,२६४,९५४ |
| अन्य व्याज | – | – | २६,२८४,०४३ |
| धितोपत्रमा (Securities) लगानी(लाभांश आम्दानी) | – | – | – |
| कर्मचारी कर्जा तथा सापटी | ६,२६४,३५८ | ५,३८२,७६२ | ९१६,५६९ |
| अन्य | २,१५२,०८० | २,०७३,७७५ | २७५,००० |
| **जम्मा व्याज आम्दानी** | **३१,२६१,५०८** | **१५,४४२,२६१** | **३९,७४०,५६६** |

## टिप्पणी ४.३० व्याज खर्च

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बांकी | – | – | – |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बांकी | – | – | – |
| ग्राहकको निक्षेप | – | – | – |
| तिर्न बांकी कर्जा सापटी | – | – | – |
| जारी ऋणपत्र | – | – | – |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | – | – | – |
| अन्य | – | – | – |
| **जम्मा** | - | - | - |

| टिप्पणी ४.३१ शूल्क तथा कमिशन आम्दानी | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| व्यवस्थापन शुल्क | ७६९,९८३,२६७ | ६७१,३०१,२६५ | ५६५,२०५,८४९ |
| सेवा शुल्क | ३,४९१,१७५ | ४,८०४,२९४ | २,३२०,७१७ |
| कर्न्सोटियम शुल्क | – | – | – |
| प्रतिवद्धता शुल्क | – | – | – |
| डिडि /टिटि /ए.टी.एम जारी र नविकरण शुल्क | – | – | – |
| क्रेडिट कार्ड /ए.टी.एम. जारी र नविकरण शुल्क | – | – | – |
| पूर्व भुक्तानी तथा स्वाप शुल्क | – | – | – |
| लगानी बैंकिङ्ग शुल्क | – | – | – |
| सम्पत्ति व्यवस्थापन शुल्क | – | – | – |
| ब्रोकरेज शुल्क | – | – | – |
| रेमिट्यान्स शुल्क | – | – | – |
| प्रतितपत्रबाट कमिशन | – | – | – |
| जमानतपत्र जारीबाट कमिशन | – | – | – |
| शेयर प्रत्याभूति/ जारीबाट कमिशन | १७,५०१,८१४ | १,५६१,५९६ | १,५०५,९८६ |
| लकर भाडा | – | – | – |
| अन्य शुल्क तथा कमिशन आम्दानी | २,१७०,८८४ | ५७५,६८६ | २,९५१,७७८ |
| **जम्मा** | ७९३,१४७,१४० | ६७८,२४२,८४१ | ५७१,९८४,३२९ |

| टिप्पणी ४.३२ शूल्क तथा कमिशन खर्च | | | |
|---|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| जमानतपत्र कमिशन | – | – | – |
| ब्रोकरेज | – | – | – |
| विप्रेषण शुल्क तथा कमिशन | – | – | – |
| अन्य शुल्क तथा कमिशन खर्च | – | – | – |
| **जम्मा** | – | – | – |

| टिप्पणी ४.३३ खूद व्यापारिक आम्दानी | | | |
|---|---|---|---|
| | | | |
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| व्यापारिक सम्पत्तिको फेयर मूल्यमा परिवर्तन | – | – | – |
| व्यापारिक सम्पत्तिको विक्रिमा भएको आम्दानी / (नोक्सान) | – | – | – |
| व्यापारिक सम्पत्तिमा व्याज आम्दानी | – | – | – |
| व्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | – | – | – |
| विदेशी सटही कारोवारमा आम्दानी / (नोक्सान) | – | – | – |
| अन्य | – | – | – |
| **जम्मा** | – | – | – |

| टिप्पणी ४.३४ अन्य संचालन आम्दानी | | | |
|---|---|---|---|
| निम्न अनुसारको विवरण प्रस्तुत गरिएको छ । | | | |
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** | **२०७४ श्रावण १** |
| भाडाबाट आम्दानी | – | ५००,००० | – |
| विदेशी विनिमयको पुन:मूल्याङ्कन आम्दानी | – | – | – |
| धितोपत्रमा (securities) लगानी विक्रीबाट आम्दानी /(नोक्सान) | – | – | – |
| लगानी सम्पत्तिको फेयर मूल्यमा आम्दानी / (नोक्सान) | – | – | – |
| इक्विटी उपकरणमा लाभांश | १२,३९८,४२३ | १३,३७०,७५६ | ११,९३४,७३३ |
| सम्पत्ति तथा उपकरण विक्रीमा आम्दानी /(नोक्सान) | – | – | – |
| लगानी सम्पत्तिको विक्रीमा आम्दानी / (नोक्सान) | – | – | – |
| संचालित लिजको आम्दानी | – | – | – |
| अन्य (संचित बिदा) | – | ५,९२४,७९९ | |
| **जम्मा** | १२,३९८,४२३ | १९,७९५,५५५ | ११,९३४,७३३ |

## टिप्पणी ४.३५ कर्जाको नोक्सानी व्यवस्था/ (फिर्ता) तथा अन्य नोक्सानी

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ | २०७४ श्रावण १ |
|---|---|---|---|
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था / (फिर्ता) | – | – | – |
| ग्राहकलाई दिएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/ (फिर्ता) | – | – | – |
| वित्तीय लगानीमा नोक्सानी व्यवस्था / (फिर्ता) | – | – | – |
| बैंक तथा वित्तीय संस्थाको मौज्दातमा नोक्सानी व्यवस्था/ (फिर्ता) | ६,४९२,२४४ | १७७,८९१ | – |
| सम्पत्ति तथा उपकरणमा नोक्सानी व्यवस्था/ (फिर्ता) | – | – | – |
| ख्याती र अमुर्त सम्पत्तिमा नोक्सानी व्यवस्था/ (फिर्ता) | – | – | – |
| लगानी सम्पत्तिमा नोक्सानी व्यवस्था/ (फिर्ता) | – | – | – |
| **जम्मा** | ६,४९२,२४४ | १७७,८९१ | – |

## टिप्पणी ४.३६ कर्मचारी खर्च

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| तलब | ९३,७४८,४१३ | ८५,६७७,१०१ |
| भत्ता | – | – |
| उपदान खर्च | ११,९५९,८५८ | ९,५५४,५९४ |
| **संचय कोष** | ४,००८,५५१ | ३,६७३,८०८ |
| पोशाक | १,३९०,००० | १,२१५,००० |
| तालिम तथा विकास खर्च | १,३७५,४६९ | १,९३८,०७९ |
| संचित विदा वापतको खर्च | १,९९२,८६६ | – |
| औषधी उपचार | १,८७१,१९९ | १,५४५,११६ |
| बीमा | ७,३७२,९९२ | १०,०१९,५९२ |
| NFRS अन्तर्गत वित्तीय खर्च | ५,४९८,३१६ | ४,८०२,९७४ |
| **जम्मा** | १२९,२१७,६६४ | ११८,४२६,२६३ |
| कर्मचारी बोनस | ३०,७५८,९३८ | ३९,८२०,४५२ |
| **जम्मा** | १५९,९७६,६०३ | १५८,२४६,७१६ |

## टिप्पणी ४.३७ अन्य संचालन खर्च

| विवरण | २०७६ आषाढ ३१ | २०७५ आषाढ ३२ |
|---|---|---|
| लेखापरिक्षण शुल्क | ६५३,३२४ | २५८,६०१ |
| लगानीको लागि व्यवस्था | - | १७७,८९१ |
| कर लखापरिक्षण शुल्क | ५०६,१८४ | - |
| परामर्श खर्च | ६३१,२५० | २,२५६,५६७ |
| मसलन्द खर्च | २,३५३,५५९ | २,३३२,८४० |
| छपाई खर्च | ६६४,९९० | ९२०,३७७ |
| पत्रपत्रिका तथा पुस्तक | ११८,१९२ | १७१,२९३ |
| सञ्चार खर्च | १,४३२,१५६ | १,३१५,२५५ |
| पानी तथा बिजुली खर्च | १,६१९,५९५ | २,३६४,६६३ |
| विज्ञापन खर्च | ३,१६७,४१३ | ३,८९२,२२९ |
| सामग्री खरिद (पांच हजार भन्दा कम) | ९४१,३४९ | ४०६,६२० |
| मर्मत तथा सम्भार खर्च | २,३६५,१५३ | १,४२५,६६१ |
| ड्राफ्ट र बैंक कमिशन | २४,४२१ | ३,४१८ |
| वार्षिक खर्च | १,७८६,३२३ | १,९१०,२०३ |
| वार्षिक साधारण बैंठक खर्च | २३७,२८० | २९३,३५८ |
| अनुसन्धान र विकास खर्च | - | २०,००० |
| भ्रमण खर्च | ८,२८७,८४२ | ५,५९८,३९६ |
| समिति तथा उप समिति खर्च | ६,०९६,६३१ | ८,८७७,४६७ |
| सदस्यता तथा सदस्यता नवीकरण खर्च | १,८८८,७८० | २,४६६,९१८ |
| परिवहन खर्च | १,८९०,२८४ | १,७५४,२२१ |
| अतिथि खर्च | १,९४०,२९२ | २,२२९,६३५ |
| सूचना प्रविधि खर्च | २,३१५,६२३ | २,२१९,५५८ |
| सामाजिक उत्तरदायित्व खर्च | २१५,८०० | ५५,००० |
| मानवीय व्यवस्थापन खर्च | - | १,१९२,८५१ |
| विविध | १,१३८,६८१ | ६४४,०८३ |
| वहाल खर्च | ५,६२१,३८८ | ५,२७३,७१९ |
| सुरक्षा खर्च | ४,२३६,३२२ | २,६४३,५४२ |
| **जम्मा** | ५०,१३२,८३० | ५०,७०४,३६७ |

| टिप्पणी ४.३८ ह्रासकट्टी र परिशोधन | | |
|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** |
| सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी | १७,२५१,६७५ | १५,३५२,५४३ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | | |
| अमुर्त सम्पत्तिको परिषोधन | ७५९,४४१ | ७४६,१८२ |
| **जम्मा** | १८,०११,११६ | १६,०९८,७२६ |

| टिप्पणी ४.३९ गैर संचालन आम्दानी | | |
|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** |
| अपलेखन गरिएको कर्जाको असुली | | |
| प्रावधान गरिएको लगानीको असुली | | |
| अन्य आम्दानी | | |
| **जम्मा** | - | - |

| टिप्पणी ४.४० गैर संचालन खर्च | | |
|---|---|---|
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** |
| कर्जा अपलेखन | - | - |
| लापरवाही (redundancy) को व्यवस्था | - | - |
| **जम्मा** | - | - |

| टिप्पणी ४.४१ आयकर खर्च | | |
|---|---|---|
| | | |
| **विवरण** | **२०७६ आषाढ ३१** | **२०७५ आषाढ ३२** |
| चालु कर खर्च | | |
| यस वर्ष | १५५,३३७,४०७ | १२१,६२१,४४६ |
| अघिल्लो वर्षको समायोजन | | १६,७२४,४७९ |
| स्थगन कर खर्च | | |
| अल्पकालिन भिन्नताहरुको लेखाङ्कन तथा फिर्ता | | |
| करको दरमा परिवर्तन | | |
| पहिले लेखाङ्कन नगरिएको कर घाटाको लेखाङ्कन | | |
| **जम्मा** | १५५,३३७,४०७ | १३८,३४५,९२५ |

# नागरिक लगानी कोष

(नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित)

## लेखा सम्बन्धी टिप्पणीहरु

आर्थिक बर्ष २०७५।७६

### १. सामान्य जानकारी

नागरिक लगानी कोष नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित एक वैधानिक संस्था, नेपाल सरकारको स्वामित्व रहेको सार्वजनिक वित्तीय संस्था हो । यो १८ मार्च १९९१ (४ चैत्र, २०४७ बि.सं.) एक स्वायत्त निकायको रुपमा स्थापित भएको हो । यसले औपचारिक रुपमा १५ जनवरी १९९२ (१ माघ, २०४८ बि.सं.) बाट गतिविधिहरु संचालन गरिरहेको छ । यसले विभिन्न प्रकारका सेवा निवृत योजना /कार्यक्रमका साथै इकाई योजनाहरु र Mutual Fund कार्यक्रम दुबै स्वदेशी र विदेशी लगानीकर्ताहरुलाई बचत गर्नका लागि प्रोत्साहित गर्न, कोषको विस्तार गर्न र लगानीका अवसरहरु वृद्धि गर्नुका साथै पूंजी बजारले देशको आर्थिक विकासमा योगदान पुऱ्याएको छ ।

वर्तमानमा, यसले विभिन्न प्रकारका स्वैच्छिक सेवानिवृत्ति कोष, निवृत्तिभरण कोष, उपदान कोष, र अनिवार्य बीमा कोष कार्यक्रम पूर्ण रकम प्राप्त र व्यक्तिगत खाता शुरुवात गर्दै आएको छ । नागरिक लगानी कोषको प्रमुख कार्यालय नयां बानेश्वर, काठमाडौं र शाखा कार्यालयहरु पोखरा र विराटनगरमा छन् ।

विभिन्न योजनाहरुको प्रबन्धका लागि, नागरिक लगानी कोषले सबै योजनाहरुबाट व्यवस्थापन शुल्कहरु प्राप्त गर्दछ । दैनिकी रुपमा प्राप्त भएको रकम प्रशासन र योजनाहरुको सञ्चालनका लागि प्रयोग भएको छ । सबै योजनाहरुको लगानी व्यवस्थापन नागरिक लगानी कोष मार्फत गरिन्छ ।

### २. बित्तीय विबरण तयार र प्रस्तूत गर्ने आधार

नागरिक लगानी कोषको आर्थिक वित्तीय विवरण प्रोदभावी आधारमा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार लेखामान बोर्ड (ASB) नेपालद्धारा प्रकाशित र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्धारा जारी गरेको अनुसार तयार गरिएको छ ।

वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा नोक्सानको विवरण र अन्य विस्तृत आम्दानीको विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाहको विवरण , लेखा सम्बन्धि टिप्पणीहरु तथा प्रमुख लेखानीतिहरु समावेश छन् ।

### २।१ नीति मापदण्डहरू (Statement of Compliance)

वित्तीय विवरण नेपाल वित्तीय रिपोटिङ्ग मापदण्ड(NFRS) अनुसार नेपाल लेखामान बोर्ड (ASB) नेपालद्धारा प्रकाशित र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्धारा जारी गरे अनुसार तथा मिति २०१८ सेप्टेम्बर २० को सूचना अनुसार Carve-outs in NFRS with Alternative Treatment तयार गरिएको र संचालक समिति द्धारा अनुमोदन गरिएको छ ।

अन्यथा उल्लेख गरिएको बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

### २।२ प्रतिवेदन अवधि तथा वित्तीय विवरणको स्वीकृति

वित्तीय विवरणको तयारीका लागि नागरिक लगानी कोषले आर्थिक वर्ष २०७५।७६ मा ASBले घोषित गरेको NFRS अपनाएको छ । NFRS प्रावधानहरुको पालना गर्न निम्न मितिहरुमा रिपोटिङ्ग अवधि तय गरिएको छ ।

| सम्बन्धित वित्तीय विवरण | नेपाली मिति | अंग्रेजी मिति |
|---|---|---|
| तुलनात्मक वित्तीय विवरणको मिति | ३२ आषाढ २०७५ | १६ जुलाई २०१८ |
| तुलनात्मक रिपोटिङ्ग अवधि | १ श्रावण २०७४ -३२ आषाढ २०७५ | १६ जुलाई २०१७-१६ जुलाई २०१८ |
| NFRS वित्तीय विवरणको मिति | ३१ आषाढ २०७६ | १६ जुलाई २०१९ |
| NFRS रिपोर्टिङ्ग अवधि | १ श्रावण २०७५ (३१ आषाढ २०७६ | १७ जुलाई २०१८ -१६ जुलाई २०१९ |

## २।३ कार्यात्मक र प्रस्तुतिकरण मुद्रा

कोषको बित्तीय बिवरणहरु कार्यात्मक मुद्रा नेपाली मुद्रामा प्रस्तुत गरिएको छ ।

## २।४ अनुमान, मान्यता तथा अभिप्रायको प्रयोग

नागरिक लगानी कोषले, NFRS अन्तर्गत, लेखा नीति लागू गर्नको लागी सबै भन्दा उपयुक्त परिस्थिति र संचालन वातावरण अनुकूल छ । यस बाहेक, नागरिक लगानी कोषले बस्तुको सन्दर्भमा निर्णय लिन आवश्यक छ जहां विशिष्ट नीति, लेखा अनुमान वा छनौटको अनुमान अनुसरणले आर्थिक विवरणलाई materially प्रभाव पार्न सक्दछ । यो पछि पनि निश्चित गर्न सकिन्छ कि फरक छनौट अझ उपयुक्त हुन सक्दछ ।

लेखा नीतिहरु वित्तीय विवरणहरुको प्रत्येक वस्तुको लागि संम्बन्धित नोटहरुमा समावेश गरिएको छ र यदि कुनै परिवर्तनको प्रभाव र प्रकृती छ भने, खुलासा गरिएको छ ।

NFRS ले नागरिक लगानी कोषले सम्पत्ति, दायित्व, आकस्मिक सम्पत्ति र दायित्वहरुको खुलासा र नाफा वा नोक्सानीलाई असर पार्छ भन्ने अनुमानहरु गर्न आवश्यक छ, जुन वित्तीय विवरणमा रिपोर्ट गरिएको छ । नागरिक लगानी कोषले वित्तीय विवरणहरु तयार गर्न र प्रस्तुत गर्न अनुमानहरु लागू गर्दछ र त्यस्ता अनुमानहरु र अन्तर्निहित अनुमानहरु आवधिक रुपमा समीक्षा गर्दछ । लेखा अनुमानमा संशोधनलाई उक्त अवधिमा पहिचान गरि अनुमानहरुलाई संशोधन गरि सम्भाव्य रुपमा लागू गरीएको छ ।

यदि कुनै छ भने लेखाङ्कन अनुमानको खुलासा अनुसुचीहरुको relevant section हरुमा समावेश गरिएको छ जहां अनुमानहरु लेखा अनुमानको परिवर्तनको प्रकृति र प्रभावको साथ लागू गरिएको छ ।

### २।४।१ निरन्तरता

वित्तीय विवरणहरु निरन्तर संचालनको आधार मानेर अनुमान र मान्यताहरु पुनरावलोकन गरिएका छन् । लेखा सम्बन्धी अनुमानलाई समयसापेक्ष पुनरावलोकन गर्ने गरिएको छ । अनुमानमा फरक परेको कारणले पर्ने असर अनुमानमा फरक परेको बर्षमानै समायोजन हुन्छन ।

## २।५ लेखा नीतिहरूमा परिवर्तनः

नेपाल वित्तीय प्रतिबेदन मान (NFRS) अनुरुप नागरिक लगानी कोषले लेखा नीतिहरु अपनाउने र लागू गर्न आवश्यक रहेको छ । लेखा नीतिहरु लगातार लागू हुन्छन । यदि कुनै परिवर्तन भएमा सम्भव भएसम्म वित्तीय असरको साथ खुलासा गरिन्छ ।

## २।६ रिपोटिंग Pronouncements

नागरिक लगानी कोषले वित्तीय विवरण तयार गर्नका लागि ASB ले घोषित गरेको १३ सेप्टेम्बर २०१३ मा लागू गरेको NFRS लाई अपनाएको छ । NFRS, in all material respect अन्तर्राष्ट्रिय वित्तीय रिपोटिंग प्रणाली (IFRS) अनुरुप अन्तर्राष्ट्रिय लेखा प्रणाली बोर्ड (IASB) द्वारा जारी गरिएको छ ।

लेखामान बोर्डले सिफारिस गरे बमोजिम नेपाल चार्टड एकाउंटेन्ट्स संस्थाले २० सेप्टेम्बर २०१८ मा NFRS कार्यान्वयन गर्नका लागी प्रदान गरेका Carve outs हरु मध्ये कोषले निम्न Carve outs प्रयोग गरेको छ ।

### २.६.१ NAS ३४: अन्तरिम वित्तीय प्रतिवेदन ( Interim Financial Reporting)

नेपाल लेखामान ३४ को परिच्छेद २ अनुसार यदि संस्थाको अन्तरिम वित्तीय रिपोर्टलाई NFRS को अनुपालनको रुपमा वर्णन गरिएको छ भने, यो प्रणालीको सबै आवश्यकताहरुको पालना गर्नुपर्दछ । परिच्छेद १९ ले त्यस सम्बन्धमा केहि खुलासाको व्यवस्था गरेको छ ।

Carve out वैकल्पिक छ र आर्थिक वर्ष २०१७।१८ र २०१८।१९ को लागि प्रदान गरिएको छ । तसर्थ, नागरिक लगानी कोषले carve out छनौट गरेको छ ।

### २.६.२ NAS ३९: वित्तीय साधनहरू: मान्यता र मापन (Financial Instruments: Recognition and Measurement)

विश्वसनीय हिसाबले निर्धारण गर्न अव्यवहारिक हुने र नगन्य रहने स्थिती रहदां निम्म उल्लेखित व्यवस्थामा बिकल्प प्रदान

गरिएको छ । र कोषले उक्त विकल्प प्रयोग गरेको छ । नेपाल लेखामान ३९ को परिच्छेद ९ अनुसार वित्तीय साधनहरुको प्रभावकारी ब्याजदर गणना गर्दा ती बित्तीय साधनहरुको अनुन्धिय शर्तहरु बमोजिम तिरिएको र लिएको सम्पुर्ण शुल्क र विन्दुलाई समावेश गर्नु नपर्ने विकल्पलाई ध्यानमा राखी नगद प्रवाहको अनुमान गर्न सक्छ । कोषले कर्मचारी कर्जा, संगठित संस्था तथा परियोजनालाई प्रदान गरिएको कर्जा तथा बण्डको प्रिमियम हिसाबमा यो विकल्प प्रयोग गरेको छ ।

Carve out वैकल्पिक हो र आर्थिक वर्ष २०१७।१८ देखि २०१९।२० को लागि प्रदान गरिएको छ । तदनुसार, नागरिक लगानी कोषले Carve out छानेको छ ।

**२।७ नयाँ मापदण्डहरू जारी गरिएका तर हाल प्रभावकारी नभएका**

वित्तीय उपकरणको रिपोर्टिका लागि NAS ३२ वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS ३९ वित्तीय उपकरण मान्यता, मापन र NFRS ७ वित्तीय उपकरणको खुलासा लागू गरिएको छ । NFRS 9 वित्तीय उपकरणहरुको वर्गीकरणको लागि अनुपालन गरिएको छ ।

IASB द्धारा प्रभावकारी मितिहरुमा फरक फरक NFRS को घोषणा पछि IASB द्धारा धेरै नया मापदण्ड र व्याख्यामा संशोधन जारी गरिएको छ । ती लेखामान बोर्ड नेपालले NFRS भित्र राखेपछि लागू हुन्छ ।

**२।८ नयां मापदण्ड र व्याख्या नअपनाएको**

निम्न संशोधनहरु २०१८।१९ को लागि अनिवार्य छैन र कोषले प्रारम्भमा अपनाएको छैन र संशोधनहरुको विस्तृत प्रभावको आकलन गरिरहेको छ ।

२।८।१ **IFRS 9 वित्तीय साधनहरू (Impairment)**

IFRS ९ वित्तीय साधनहरु IASB ले जुलाई २०१४ मा जारी गरेको थियो र १ जनवरी २०१८ मा वा त्यसपश्चात वित्तीय विवरणको लागि अन्तर्राष्ट्रिय रुपमा प्रभावकारी भएको हो । नेपालको लेखामान बोर्डले केही अपवाद सहित NFRS ९ वित्तीय साधनहरुको समर्थन गऱ्यो, मुख्यतया क्षयीकरणमा । हाल, NAS 39 मा तोकिए बमोजिम घाटा (loss) मोडेल प्रयोग गरिएको छ । IFRS ९ को आवश्यकतामा अपेक्षित क्रेडिट घाटा (loss) मोडेलमा छ ।

२।८।२ **IFRS-15:ग्राहकहरूसंग गरिएको करारबाट भएको आम्दानी (Revenue from contract with customers: )**

IASB ले राजस्व मान्यताका लागि नयां मापदण्ड जारी गऱ्यो जसले विद्यमान राजस्व मान्यता मापदण्डहरुलाई overhauls गर्दछ । Standard लाई राजस्व मान्यताका लागि निम्न पांच चरण मोडेल फ्रेमवर्क अनुसरण गर्न आवश्यक छ :

- ग्राहकसंग सम्झौताको पहिचान
- सम्झौतामा प्रदर्शन दायित्वहरुको पहिचान
- कारोवार मूल्यको निर्धारण
- सम्झौताको प्रदर्शन दायित्वलाई लेनदेन मूल्यको बाँडफाँड
- आम्दानीको पहिचान, जब इकाईले प्रदर्शन दायित्व पूरा गर्दछ ।

नयां मापदण्ड १ जनवरी २०१८ देखि प्रभावकारी हुनेछ र प्रारम्भिक लागु पनि गर्न सकिनेछ । व्यवस्थापनले यसको वित्तीय विवरणमा IFRS १५ को सम्भावित प्रभावको आकलन गर्दैछ ।

IFRS १५ ग्राहकहरुसंग गरिएको समझौताबाट हुने आम्दानी अहिलेसम्म नेपालको लेखामान बोर्डले अपनाएको छैन ।

२।८।३ **IFRS 16 पट्टा (Leases)**

IFRS 16 पट्टा (लिज) १ जनवरी २०१९ मा वा त्यस पछाडिको वार्षिक समयावधिको लागि प्रभावकारी छ । IFRS १६ लीज नयाँ लेखामान हो जसले IAS १७ पट्टालाई र IFRIC ४ “एक व्यवस्था एक लीज समावेश गर्दछ कि भनेर निर्धारण” प्रतिस्थापन गर्दछ । नयाँ प्रणालीले लीज लेखाको लागि अपरेटिङ वा फाइनान्स लीजहरु बीचको भिन्नता हटाउंदछ, परिणामस्वरुप सबै लीजहरुलाई फाइनान्स लीजको रुपमा लिइन्छ । सबै लीजहरु वित्तीय स्थितिको विवरणमा मान्यता दिइनेछ वैकल्पिक अपवादमा छोटो अवधिको लीजहरुको १२ महिना भन्दा कम अवधिका र कम मूल्य सम्पत्तिहरुको लीजहरु

(उदाहरणका लागि मोबाइल फोन वा ल्यापटप) । अन्तर्निहित लीज सम्पत्ति र लीज भुक्तानी गर्ने यसको दायित्व प्रतिनिधित्व गर्ने, लीज दायित्व प्रतिनिधित्व गर्ने, यसको अधिकार प्रतिनिधित्व गर्ने, एक अधिकारको उपयोग सम्पत्ति पहिचान गर्न आवश्यक छ । यस परिवर्तनको मुख्य कारण यस दृष्टिकोणले अन्य कम्पनीहरुको सम्बन्धमा एक पट्टेदारको सम्पत्ति र दायित्वहरुको तुलनात्मक प्रतिनिधित्वको रुपमा परिणाम दिनेछ र संगै बृद्धि गरिएको खुलासाको साथ पट्टेदारको वित्तीय लिभरेज र पूंजीमा नियोजित रोजगारको अधिकर पारदर्शिता प्रदान गर्दछ । मापदण्डले एक पट्टेदारलाई कि त पूर्ण पूर्वगामी वा एक संशोधित पूर्वगामी संक्रमण दृष्टिकोण छनौट गर्न अनुमति दिएको छ ।

अहिलेसम्म नेपालको लेखामान बोर्डले IFRS १६ लीज अपनाएको छैन ।

### २.९ NFRS कार्यान्वयनको सीमितता

जहां पर्याप्त रुपमा जानकारी उपलब्ध छैन वा यो विकास गर्न अव्यावहारिक छ, NFRS कार्यान्वयनमा त्यस्तो अपवाद सम्बन्धित खण्डमा नोटमा खुलासा गरिएको छ ।

## ३ प्रमूख लेखानीतिहरू

### ३.१ मापनका आधार

निम्म उल्लेखित अवस्थामा बाहेक कोषको वित्तीय विवरण ऐतिहासिक लागत अवधारणाको आधारमा तयार गरिएको छ ।

- वित्तीय उपकरणका उचित मूल्य र हानी नोक्सानी ।
- लगानी गरिएको सम्पत्ति उचित मूल्यमा मापन गरिएको छ ।
- शेयरमा आधारित नगद भुक्तानी व्यवस्थाको लागि दायित्वहरु उचित मूल्यमा ।
- परिभाषित लाभ दायित्व जहा परिभाषित लाभ दायित्वको लागी खुद दायीत्व परिभाषित लाभ दायित्वको वर्तमान मूल्यमा कुल जम्मा योजना सम्पत्ति घटाई बिमाङ्क हानी लाभ र ब्याज लगत र विगतका सेवा लागत जोडेर पहिचान गरिएको छ ।

### ३.२ नगद तथा नगद समान

नगद र नगद समान अर्न्तगत नगद मौज्दात, बैंकमा रहेको मौज्दात तथा माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा र अधिग्रहण मितिबाट तीन महिना वा सो भन्दा कमको वास्तविक परिपक्कताका साथ अत्यधिक तरल वित्तीय सम्पत्ति समावेश हुन्छ ।

नगद र नगद समान वित्तीय स्थितिको विवरणमा परिशोधित लागतमा गरिन्छ । कोषको वित्तीय स्थितिमा नोट नं ४.१ मा कुल रु. १,१०४,२९०,५२१ मध्ये रु २२४,९६९,३२१ नकारात्मक बैंक ब्यालेन्स र सकारात्मक बैंक ब्यालेन्स रु. १,३२९,२५९,८४२ रहेको छ ।

### ३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व

क) पहिचान (Recognition)

वित्तीय उपकरणहरुलाई वित्तीय अवस्थाको विवरणमा उक्त उपकरणसँग सम्बन्धित मितिको आधारमा जनाईन्छ । वित्तीय सम्पत्ति तथा दायित्वहरुको प्रारम्भिक मूल्यांकन उचित मूल्यमा गरिन्छ । जुन उपकरण नाफा वा नोक्सान मार्फत उचित मूल्यमा वर्गीकरण गरिदैन, त्यस्ता उपकरणसँग सम्बन्धित प्रत्यक्ष खर्चहरु समावेश गरिएको लागतमा मूल्यांकन गरिन्छ ।

२) वर्गीकरण (Classification)

**क) वित्तीय सम्पत्ति (Financial Assets)**

वित्तीय सम्पत्तिहरु कसरी व्यवस्थापन गरिएको छ भन्ने आधारमा वित्तीय सम्पत्तिलाई परिशोधन लागत (amortized cost) वा अन्य विस्तृत आय मार्फत उचित मूल्यमा र नाफा वा नोक्सान मार्फत उचित मूल्य मध्ये कुनै एकमा वर्गीकरण गरिन्छ । परिशोधन लागतमाः निश्चित वा दृश्यात्मक (fixed or determinable) भुक्तानी भएका ननू डेरिभेटिभ उपकरणहरु अवधि समाप्त मितिसम्म धारण गर्ने मनसायबाट धारण गरिएका वित्तीय सम्पत्तिहरुलाई यस वर्गमा समावेश गरिन्छ । यस्ता सम्पत्तिहरुको प्रारम्भिक मापन सम्पत्तिसँग सम्बन्धित प्रत्यक्ष खर्चहरु समावेश

गरिएको लागतमा मूल्यांकन गरिन्छ। प्रारम्भिक मापनपछि प्रभावकारी व्याजदरको प्रयोग गरी तथा क्षयीकरण नोक्सानीको (impairment loss) समायोजन गरी परिशोधन लागतमा सम्पत्तिको मापन गरिन्छ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा (fair value through profit or loss) कोषले उचित मूल्यको आधार मा खरीद वा विक्रि गर्ने हिसाबमा धारण गरेका सम्पत्तिहरु यस वर्गमा समावेश गरिन्छ। खरीद वा विक्रिको लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ। अन्य विस्तृत आय मार्फत उचित मूल्यमा (fair value through other comprehensive income): माथि उल्लेखित बाहेकमा नन् डेरिभेटिभ वित्तीय सम्पत्तिहरु यस वर्गमा समावेश गरिन्छ। यस्ता सम्पत्तिहरुको प्रारम्भिक मापन उचित मूल्यमा गरिन्छ। प्रारम्भिक मापन पछिको मापन (subsequent measurement) उचित मूल्यमा नै गरिन्छ र उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गरिन्छ र सोलाई संचित आय तथा कोषमा उचित मूल्य जगेडामा प्रस्तुत गरिन्छ। सम्पत्ति त्याग गर्दा कायम रहेको जम्मा जगेडा रकमलाई वितरणयोग्य नाफामा स्थानान्तरण गरिन्छ।

**ख) वित्तीय दायित्व (Financial Liabilities)**

कोषले वित्तीय जमानत तथा ऋण प्रतिबद्धता बाहेकका वित्तीय दायित्वहरुलाई परिशोधन लागत वा नाफा वा नोक्सान मार्फत उचित मूल्यमध्ये कुनै एकमा वर्गीकरण गरेको छ।

**लगानी धितो (Investment Securities)**

नागरिक लगानी कोषले इक्विटी शेयरहरु अन्य विस्तृत आम्दानी मार्फत उचित मुल्यमा वर्गीकृत गरेको छ । सूचिकृत र quoted सेयरमा लगानीबजार मूल्यको आधारमा मूल्य निर्धारण गरिएको छ जब कि सूचीकृत नभएका र अप्रमाणित शेयरको लगानी मूल्यमा मूल्यनिर्धारण गरिएको छ तर Liquidation प्रक्रिया अगाडि बढेका र बन्द भएका कम्पनीको शेयरको लगानी शून्यमा गरिएको छ । Promoter शेयरको हकमा अन्तिम ट्रेडिंग मूल्य वा नेप्सेमा कारोवार भएको शेयर मूल्यको ७० प्रतिशत मध्ये जुन कम छ, त्यसमा मूल्य निर्धारण गरिएको छ ।

पहिलो श्रावण २०७४ मा वित्तीय स्थितिको विवरणका लागि इक्विटी शेयरको मूल्यांकन लागतबाट फेयर मूल्य विधिमा परिवर्तन गरिएको छ, जसका कारण पहिलो श्रावण २०७४ को फेयर मूल्य रिजर्भ रु.६२४,१५५,६२६ रहेको र सो मूल्य वृद्धि भएर रु.७३८,४०८,६१५ भएको छ । पछिल्ला वर्षहरुमा फेयर मूल्यमा परिवर्तन निम्नानुसार छ:

| आर्थिक वर्ष | फेयर मुल्य रिजभ | फेयर मुल्यमा परिवर्तन नाफा/(घाटा) |
|---|---|---|
| २०७४/७५ | ३६९,२६४,९४६ | (९८,८५१,७७३) |
| २०७५/७६ | ३०२,०४३,४९३ | (६७,२२१,४५३) |

**कर्मचारीलाई कर्जा र सापटी**

नागरिक लगानी कोषले कर्मचारी कर्जा र सापटी परिशोधन लागतमा मापन गरेको छ । कर्मचारीलाई कर्जा र सापटीमा घरको बीमा कर्जा र सामाजिक कार्य सापटी समेत पर्दछ ।

**घरको बीमा कर्जा:**

यस प्रकारको कर्जाको वित्तीय स्थितिको स्टेटमेन्टमा फेयर मूल्यमा प्रस्तुत हुन्छ जुन बजारको ९% व्याज दर प्रयोग गरी भविष्यको नगदी प्रवाहलाई discount गरी गणना गरिएको छ । यस कर्जामा व्याज आम्दानी साकार गरिएको छैन । आर्थिक वर्ष २०७५।७६ को समयमा यस प्रकारको कर्जा २,५००,००० सम्म बढाइएको छ । यो कर्जाको बिमा प्रिमियम कर्मचारी स्वयमले भुक्तानी गरेका छन् । यस कर्जाको फेयर मूल्य र फेस मूल्य निम्नानुसार छ:

| आर्थिक वर्ष | फेयर मुल्य | फेस मुल्य | फरक (प्रीपेड कर्मचारी लागत) |
|---|---|---|---|
| २०७३/७४ | ४,७७१,५४९ | ३३,३००,००० | २८,५२८,४५१ |
| २०७४/७५ | ६,२६५,८५६ | ३६,३००,००० | ३०,०३४,१४४ |
| २०७५/७६ | १६,७०९,०१९ | १४२,३००,००० | १२५,२९०,९८१ |

**सामाजिक कार्यका लागि सापटी**

यस प्रकारको कर्जाको वित्तीय स्थितिको स्टेटमेन्टमा फेयर मूल्यमा प्रस्तुत हुन्छ जुन बजारको ९% व्याज दर प्रयोग गरी भवीष्यको नगदी प्रवाहलाई discount गरी गणना गरिएको छ । यस कर्जामा व्याज आम्दानी १.५% साकार गरिएको छ । यस कर्जाको फेयर मूल्य र फेस मूल्य निम्नानुसार छः

| आर्थिक वर्ष | फेयर मुल्य | फेस मुल्य | फरक (प्रीपेड कर्मचारी लागत) |
|---|---|---|---|
| २०७३/७४ | २५,४९०,१३५ | ३४,९८४,३०५ | ९,४९४,१७० |
| २०७४/७५ | २९,१४८,५८० | ३९,४२०,६३६ | १०,२७२,०५६ |
| २०७५/७६ | ३२,३०३,८८२ | ४३,७०२,९५९ | ११,३९९,०७७ |

**३.३.१ निर्सग**

**वित्तीय सम्पत्तिको निर्सग**

नागरिक लगानी कोषमा वित्तीय सम्पत्तिको निसर्ग भएको स्थिती हुन आउछ जब सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुदा, सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा, सम्पत्तीको सम्पुर्ण जोखिम तथा प्रतिफल हस्तान्तरण गरेमा वा जोखिम र प्रतिफलको हस्तान्तरण नगरी वा आफै साथ नराखि सम्पत्तीको नियन्त्रण हस्तान्तरण गरेमा ।

**वित्तीय दायित्वको निर्सग**

कुनै वित्तीय दायित्वसंग जोडीएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । हालको वित्तीय दायित्वलाई सोही lender को अर्को वित्तीय दायित्व मार्फत प्रतिस्थापन भएमा र सो उल्लेखनिय फरक प्रावधानहरु वा हालको दायित्वको प्रावधानहरु उल्लेखनिय रुपमा परिमार्जन र परिवर्तनलाई निसर्ग भएको मानेर नयां दायित्व लेखाङ्कन गरिन्छ । यसरी निर्सग हुँदा उक्त वित्तीय दायित्वको कितावी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

३.३.२ **उचित मूल्य मापन (Measured at Fair Value)**

बजारमा सहभागी व्यक्तिहरु बीचको उचित कारोबारमा सम्पत्ति निसर्गमा प्राप्त हुने रकम वा दायित्व निसर्गमा भुक्तानी गर्नुपर्ने रकम वा बजार अभाव भएको अवस्थामा आफ्नो पहुँच भएको सबैभन्दा फाइदाजनक बजारको मूल्य नै उचित मूल्य हो। उपलब्ध भएसम्म उपकरणको उचित मूल्य सक्रिय बजारको उद्धृत (quoted) मूल्यलाई मानिन्छ। उपकरणको लगातार रुपमा कारोबार हुने बजारलाई सक्रिय बजार मानिन्छ।

सक्रिय बजार नभएको अवस्थामा कोषले प्रासंगिक कारकहरुको (observable inputs) पहिचान तथा प्रयोग गरी उपयुक्त मूल्यांकन विधिहरु अबलम्बन गरी उचित मूल्यको निर्धारण गर्छ। वित्तीय उपकरणको उचित मूल्यको उत्तम प्रमाण भनेको उक्त उपकरणको कारोबार मूल्य हो। यदि कोषको नजरमा कारोबार रकम र उचित मूल्य फरक रहेको छ र उचित मूल्यको निधांरण न त सक्रिय बजारमा उद्धृत मूल्य रहेको न त प्रासंगिक कुराहरुलाई मध्यनजर गर्दै अन्य मूल्यांकन विधिबाट मूल्यांकन गरिएको छैन भने उचित मूल्य र कारोबार रकमको फरकलाई स्थगन गरी उचित मूल्यमा उपकरणको मापन गरिन्छ। उक्त फरक रकमलाई उपकरणको अवधिभरमा नाफा वा नोक्सानका लेखाङ्कन गरिन्छ।

३.३.३ **क्षयीकरणको पहिचान तथा मापन (recognition and measurement of impairment)**

कोषले हरेक प्रतिवेदन मितिमा वित्तीय सम्पत्तिहरुमा क्षयीकरण हुने साध्य सुचना (objective evidence) रहे नरहेको निधांरण गर्ने गर्दछ। साध्य सूचनाहरुले प्रारम्भिक पहिचान पछि वित्तीय सम्पत्तिहरुको समूहमा नोक्सान हुने केही कारक घटना घटेको इंगित गरेमा र उक्त नोक्सानले सम्पत्तिबाट भविष्यमा प्राप्त हुने रकमलाई पार्ने असरको यथार्थ अनुमान गर्न सकिएमा वित्तीय सम्पत्तिहरुको क्षय भएको मानिन्छ।

साध्य सूचनामा निम्न कुराहरु समावेश हुन्छन्।

- कर्जा लिने व्यक्ति उल्लेखनीय रुपमा वित्तीय संकटमा परेमा,

- कोषले विरलै गर्ने किसिमले कुनै कर्जाको पूर्नसंरचना गरेमा,
- ऋणीले कर्जा भुक्तानी गर्न चुकेमा/मभाबगति भएमा,
- ऋणी वा जारीकर्ता टाट पल्टने देखिएमा,
- धितोको सक्रिय बजार कायम नरहेमा,
- समग्र आर्थिक वातावरणमा भएको परिवर्तनले ऋणीको भुक्तानी अवस्थामा परिवर्तन भएमा।

शेयर लगानीको हकमा नेटवर्थभन्दा किताबी मूल्य निरन्तर वा उल्लेख्य रुपमा कम भएमा क्षय भएको प्रमाण मिल्दछ। कोषले कर्जा तथा सापटी तथा धितोपत्रमा लगानीमा एकल तथा सामूहिक क्षयीकरण नोक्सानीको प्रमाणहरुलाई मध्यनजर गर्दै महत्वपूर्ण उपकरणहरुको एकल तथा अन्यको सामूहिक क्षयीकरण नोक्सानीको मूल्यांकन गर्दछ।सामूहिक मूल्यांकन गर्दा समान जोखिम विशेषताहरु भएमा सम्पत्तिहरुलाई एकै समुहमा विभाजन गरिन्छ। सामूहिक क्षयीकरण नोक्सानीको मूल्यांकन गर्दा कोषले default हुने सम्भावना, रकम प्राप्त हुने समय र व्यहोरेको नोक्सानीको ऐतिहासिक प्रवृतिको statistical modeling को प्रयोग गरी matrix तयार गर्दछ र सो मा हालको आर्थिक तथा कर्जाको वातावरण वा अवस्थाको समायोजन गरी अनुमानित क्षयको निर्धारण गर्दछ। चुक हुने दर, नोक्सानी दर तथा असुल हुने समयहरुमा नियमित रुपमा अद्यावधिक गरिन्छ।

परिशोधन मूल्यमा मापन गरिएको सम्पत्तिको क्षयीकरण नोक्सानी सम्पत्तिको अघि सारिएको मूल्य (carrying amount) र प्रभावकारी व्याजदरले हुन आउने वर्तमान मूल्यको फरक रकम नै परिशोधन मूल्यमा मापन गरिएको सम्पत्तिको क्षयीकरण नोक्सानी हो।

## ३.४ सम्पत्ति र उपकरण (Property and Equipment)

### क) पहिचान तथा मापन (Measurement and Recognition)

सम्पत्ति तथा उपकरणको प्रारम्भिक मापन लागतमा गरिन्छ। लागतमा खरिद मूल्य तथा प्रत्यक्ष खर्चहरु र भविष्यमा सो सम्पत्ति नष्ट गर्ने वा हटाउने अपरिहार्य अनुमानित खर्चको वर्तमान रकम पर्दछन्। सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा वृद्धि हुने भएमा उक्त खर्चलाई पुँजिकरण गरिन्छ। निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ। फरक आयु हुने सम्पत्तिका मुख्य भागहरुलाई फरक रुपमा पहिचान गरी लेखाङ्कन गरिन्छ र सोही अनुसार ह्रासकट्टी गरिन्छ। सम्पत्तिहरुको अवशिष्ट मूल्य (salvage value), उपयोगी आयु तथा ह्रासकट्टी तरिका हरेक आर्थिक वर्षमा पुनर्विचार गरिन्छ र अघिल्लो अनुमान भन्दा फरक परेमा बाँकी अवधिमा समायोजन गर्ने गरी फरकको असर वित्तीय विवरणमा प्रदान गरिन्छ। सम्पत्ति वा सो को महत्वपूर्ण भागबाट पछि आर्थिक लाभ प्राप्त हुने अवस्था नरहेमा वा निसर्ग भएमा सम्पत्तिको अपहिचान गरिन्छ। उक्त सम्पत्तिको अघि सारिएको मूल्य र निसर्ग रकमको फरकलाई सोही वर्षमा नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ। कोषले NFRS संक्रमण मितिमा (२०७४ श्रावण १) कायम रहेको स्थापित लागतलाई सम्पत्ति तथा उपकरणको उचित मूल्य मानेको छ।

नागरिक लगानी कोषले सम्पत्ति र उपकरणहरुको सम्पूर्ण वर्गको लागि जग्गा बाहेक लागत मोडेल अपनाउंछ । सम्पत्ति र उपकरणहरु संचित ह्रास कटट्ी र संचित हानि नाक्सानीलाई घटाएको लागतमा देखाईन्छ । जग्गा र प्लट नं २२४,४०,२५४,र १४६ पुनर्मूल्यांकन मोडेलमा मापन गरिएको छ । यसको फेयर मूल्यमा रिपोर्टिंग मितिमा मापन गरिएको छ । ती जग्गाको फेयर मूल्य रु.१,२०८,७९१,४४० परिणाम पुनर्मूल्यांकन रिजर्वको रुपमा रु.४४२,७४६,९८० भएको पाइयो ।

कुनै सम्पत्ती, प्लान्ट र उपकरणहरुको भाग फेरिनु परेमा र भविष्यको आर्थिक लाभ आर्जन गर्न त्यो भागको मुल्याङ्कन गर्न सकिएमा त्यसको लेखाङ्कन किताबी मुल्यमा Subsequent लागत अर्न्तगत गरिन्छ । सम्पत्ती, प्लान्ट र उपकरणहरुको दिन प्रतिदिन लाग्ने खर्च उक्त खर्च भएको समयमा नै नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । नागरिक लगानी कोषको नीतिको आधारमा ने.रु ५,००० सम्मको सम्पती खरिदको वर्षमा उनीहरुको उपयोगी जीवनको पर्वाह नगरी खर्च लेखिन्छ ।

### ख। ठेकेदारलाई अग्रिम भूक्तानी

कोषको स्वामित्वमा रहेको नयांबानेश्वर स्थित प्लट नं १४६ मा भवन निर्माण भइरहेको छ । सहरी विकास तथा भवन निर्माण विभागलाई भवन निर्माणको लागि रु.७८०,५२९,५२४ को सम्झौता गरिएको रकमबाट रु.१४१,५००,००० अग्रिम भुक्तानी गरिएको छ ।

**i. ह्रासकट्टी**

ii. ह्रासकट्टीको लागि लेखा नीति NFRS transition मिति १ श्रावण २०७४ बाट WDV विधिबाट SLM मा परिवर्तन गरिएको छ । श्रावण १ २०७३ को सम्पत्तिमा शुरुवाती WDV लाई तीनवर्षमा ह्रासकट्टी गरिएको छ किनभने ति सम्पीत्तको उपयोगी जीवन मूल्यांकन गर्न सकिदैन । बांकी सम्पत्तिको उपयोगी जीवन निम्नानुसार संशोधन गरिएको छ :

| सम्पत्तिको प्रकृति | उपयोगी जीवन(वर्ष) |
|---|---|
| फर्निचर/फिक्स्चर | ५ |
| कार्यालय उपकरण | ५ |
| सवारी साधन | १० |
| भवन | १० |

नयां सम्पत्तिमा ह्रासकट्टी खरिद गरिएको अर्को महिनाबाट सुरु हुनेछ । जहां सम्पत्तिहरु निसर्ग गरिन्छ, ह्रासकट्टी गर्दा त्यस्तो सम्पत्ति निसर्ग गरिएको महिनाको अघिल्लो महिनासम्म गणना गरिनेछ । ह्रासकट्टी विधि र उपयोगी जीवनहरु प्रत्येक रिपोटिंग मितिमा समीक्षा र समायोजित गरिन्छ ।

ग। **Derecognition**

सम्पत्ति र उपकरणको बिक्री गरिन्छ वा त्यस सम्पत्तीबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा रहदैन ततपश्चात् त्यस सम्पत्तीको किताबी मूल्यलाई अपलेखन गरिन्छ । बिक्रीबाट सिर्जना भएको नाफा वा नोक्सानलाई बिक्री भएको आर्थिक वर्षको नाफा नोक्सान विवरणमा देखाईन्छ । लाभलाई आम्दानीको रुपमा वर्गीकृत गरिने छैन ।

**३.५ अमुर्त सम्पत्ति**

**कम्प्युटर सफट्वेयर**

प्राप्त कम्प्यूटर सफ्टवेयर इजाजत पत्रहरु प्रयोग गर्न ल्याउन र ल्याउनको लागि लागेको लागतको आधारमा पूंजीकृत गरिन्छ । सफ्टवेयरको विकाससंग सम्बन्धित लागतहरु र भविष्यमा त्यस सफ्टवेयर तथा लाईसेन्सहरुबाट आर्थिक लाभ भित्रीने सम्भावना छ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित हुन्छन् । सफ्टवेयर कायम राख्नको साथ सम्बन्धित लागतहरु व्ययको रुपमा खर्चको रुपमा मान्यता दिइन्छ ।

प्रत्येक रिपोटिंग मितिमा, यी सम्पत्तिहरुको लागि मूल्यांकन गरिन्छ । सम्पत्तिको Carrying value यसको पुन:प्राप्ति योग्य रकम भन्दा बढी निर्धारित गरिन्छ, सम्पत्तिको रकम तुरुन्तै घटाईन्छ ।

परिशोधनका लागि लेखा नीतिलाई NFRS Transition मितिमा WDV विधिबाट SLM मा परिवर्तन गरिएको छ अर्थात १, श्रावण २०७४ । प्रयोगको लागि उपलब्ध मिति देखि सफ्टवेयरलाई यसको अनुमानित उपयोगी जीवनको लागि मुनाफा वा नोक्सानमा Straight line को आधारमा परिमार्जन गरिएको छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी जीवन वर्ष पांच वर्षको रहेको छ ।

यदि उपयुक्त भयो भने परिशोधित विधि र उपयोगी जीवनहरु प्रत्येक रिपोटिंग मितिमा समीक्षा र समायोजित गरिन्छ ।

**३.६ गैर बित्तीय सम्पत्तिको बिक्री**

**लगानी सम्पत्ति**

वातावरण वा परिदृष्यहरुमा भएको परिवर्तनले गैर वित्तीय सम्पत्तीको अघि सारिएको रकम असूली नहुने संकेत गरेमा क्षयीकरण परिक्षण गरिन्छ । असुल हुने रकम भन्दा अघि सारिएको रकम वढि भएमा क्षयिकरण भूत्तानी भएको मानिन्छ । क्षयीकरण नोक्सानीले पहिलेको अन्य बिस्तृत आयमा नाफा भएको रकमलाई नउल्ट्याएको खण्डमा सम्बन्धित बर्षको नाफा वा नोक्सान हिसाबमा लेखाकंन गरिन्छ । नागरिक लगानी कोषले सम्पत्तिलाई लगानी सम्पत्ति र बिक्रीको लागि गैर चालु सम्पत्तिको रुपमा वर्गीकृत गरेको छैन ।

### ३.७ आयकर

कर खर्च वर्तमान र स्थगत कर समावेश गर्दछ । सिधै इक्विटीमा पहिचान हुने र अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिने आम्दानी बाहेक आयकर खर्चलाई नाफा नोक्सान विवरणमा देखाईन्छ ।

**क।चालु कर**

चालु कर सम्पत्ति र दायित्वमा यस वर्षको करको दर र लागु भइसकेका करको नियम प्रयोग गरी आन्तरिक राजश्व कार्यालयबाट पाउने वा तिर्नु पर्ने र त्यसमा अघिल्लो वर्षको समायोजन गरी निकालिएको रकम पर्दछ ।

**ख। स्थगन कर**

वित्तीय अवस्थाको विवरणमा गणना गरिएको तथा आयकर ऐनको हिसाबले गणना गरिएको रकममा हूने भिन्नतालाई वासलातमा स्थगन कर (स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरि प्रत्यक वर्ष यस्तो सम्पत्ती (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सानमा वा अन्य विस्तृत आम्दानीको विवरणमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तीलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तीको रुपमा पहिचान गरिदैन ।

### ३.८ व्यवस्था, संयोगिक सम्पत्ति/ दायित्व (Provisions, Contingent assets/liabilities)

विगतमा भएका घटनाहरुको कारण नागरिक लगानी कोषको वर्तमान कानुनी तथा निर्मित दायित्व जसको सजिलै अनुमान लगाउन सकिन्छ र दायित्व राफसाफ गर्न आर्थिक लाभ वाहिरिन्छ भन्ने सम्भावना हुन्छ भने ती दायित्वहरुका निम्ती व्यवस्था लेखाङ्कन गरिन्छ । यसरी लेखाङ्कन गरिएको रकम रिर्पोटिङ्ग मितिमा वर्तमान दायीत्वसंग सम्बन्धीत जोखिम र अनिश्चिततालाई मध्यनजर राखि राफसाफ गर्न आवश्यक पर्ने रकमको सबैभन्दा उत्तम अनुमान हो । अनुमानित नगद प्रवाहको आधारमा वर्तमान दायीत्व राफसाफ गर्न व्यवस्थाको मापन गरिन्छ भने उक्त नगद प्रवाहको वर्तमान मुल्यको आधारमा नै किताबी मूल्य निर्धारण गरिन्छ । Onerous सम्झौताको व्यवस्थाको लेखाङ्कन त्यस बखत गरिन्छ जब नागरिक लगानी कोषले सम्झौताबाट प्राप्त गर्ने लाभभन्दा सम्झौता पालना गर्न लाग्ने रोक्न नसकिने खर्च बढी हुन्छ ।

व्यवस्था स्थापित गर्नुभन्दा अगाडी कुनै सम्झौतासंग सम्बन्धीत हानी नोक्सानी छ वा छैन भनी पहिचान गरिन्छ । व्यवस्था सम्बन्धी खर्च फिर्ता पाउने रकम घटाई नाफा नोक्सान विवरणमा देखाईन्छ ।वित्तीय विवरणमा संयोगिक सम्पत्ति लेखाङ्कन गरिदैन । यद्यपि संयोगिक सम्पत्ति लगातार मूल्यांकन गरिन्छ र यदि यसबाट आर्थिक लाभको प्रवाह हुने देखा परेमा, सम्पत्ति र सम्बन्धित आयलाई लाभको प्रवाह हुने अवधिमा मान्यता दिइनेछ ।

### ३.९ आम्दानीको पहिचान

आम्दानी भनेको इकाईको सामान्य गतिविधिहरुको कममा उत्पन्न हुने आर्थिक लाभहरुको प्रवाह हो जब ती लगानीले इक्विटीमा बृद्धि हुन्छ, इक्विटीमा सहभागीहरुले योगदान पुर्‍याएको बाहेक । आम्दानीलाई यस हदसम्म मान्यता दिइन्छ कि आर्थिक लाभहरु नागरिक लगानी कोषमा प्रवाहित हुनेछन् र यो सम्भावनाले आम्दानीमा भरपर्दो मापन गर्न सकिन्छ । आय प्राप्तिको सम्भव नभएसम्म आम्दानी बाधिने छैन । नागरिक लगानी कोषको आम्दानीहरु व्यवस्थापन शुल्क, ब्याज आय, शुल्क र कमिशन, आदि समावेश छ र आय मापनका आधारहरु निम्नबमोजिम छन्:

**क। व्यवस्थापन शूल्क**

व्यवस्थापन शुल्क नागरिक लगानी कोष नीति अनुसार मापन गरिएको छ । व्यवस्थापन शुल्क नागरिक लगानी कोषको लागि आम्दानीको एक प्रमुख स्रोत हो । यो शुल्क नागरिक लगानी कोषले व्यवस्थापन गर्ने सबै योजनाहरुबाट लिन्छ । वर्षको कुल व्यवस्थापन शुल्क रु.७६९,९८३,२६७ छ, जुन कुल आम्दानीको ९१.२९% रहेको छ ।

व्यवस्थापन शुल्क निम्नअनुसार हिसाब गरिएको छ :

| योजना | गणना | | व्यवस्थापन शूल्क |
|---|---|---|---|
| सशत्र प्रहरी बीमा कोष | बीमा कोष मौज्दात | ४७२,१५८,३६४ | २,३६०,७९१.८२ |
| | कुल आम्दानी | ४१,९८४,२६५ | |
| | व्यवस्थापन शुल्क: कोषको ०.५% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| नेपाल प्रहरी बीमा कोष | बीमा कोष मौज्दात | ९५४,०७६,०५६ | ४,७७०,३८०.२८ |
| | कुल आम्दानी | ८३,०३७,२९८ | |
| | व्यवस्थापन शुल्क: कोषको ०.५%भन्दा कम वा कुल आम्दानीको २०% | | |
| निजामती बीमा कोष | बीमा कोष मौज्दात | ५,१२०,९६७,५७६ | २५,६०४,८३७.८८ |
| | कुल आम्दानी | ३६४,५८६,२०५ | |
| | व्यवस्थापन शुल्क: कोषको ०.५% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| शिक्षक बीमा कोष | बीमा कोष मौज्दात | ४,१७८,०१८,८४१ | २०,८९०,०९४.२५ |
| | कुल आम्दानी | ३०६,१०३,१४७ | |
| | व्यवस्थापन शुल्क: कोषको ०.५% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| NARC बीमा कोष | बीमा कोष मौज्दात | ६९,२१४,८२० | ६९२,१४८.२० |
| | कुल आम्दानी | ७,७४६,३६१ | |
| | व्यवस्थापन शुल्क: कोषको ०.५% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| सैनिक बीमा कोष | बीमाकोष मौज्दात | २,३५९,४९०,८३७ | ११,७९७,४५४.१८ |
| | कुल आम्दानी | २५८,९८५,२४४ | |
| | व्यवस्थापनशुल्क: कोषको ०.५% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| उपदान कोष | कोष मौज्दात | १९,६३५,२७४,३१० | १९६,३५२,७३७.१ |
| | कुल आम्दानी | १,६५०,६८१,२११ | |
| | व्यवस्थापन शुल्क: कोषको १% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| नागरिक एकांक योजना | कुल सम्पत्ति | १,९७४,३२७,०८५ | ४,५०२,००३ |
| | कुलदायित्व | १,०७३,९२६,४२२ | |
| | नेट सम्पत्ति | ९००,४००,६६३ | |
| | व्यवस्थापन शुल्क: नेट सम्पत्तिको ०.५% | | |

| योजना | गणना | | व्यवस्थापन शूल्क |
|---|---|---|---|
| लगानीकर्ता हिसाब योजना | कोष मौज्दात | ४,७५२,७८५,१६९ | ४७,५२७,८५२ |
| | कुल आम्दानी | ३८७,६६४,७०५ | |
| | व्यवस्थापन शुल्क: कोषको १% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| NID बीमा | कोष मौज्दात | २९,९४०,३७१ | १४९,७०२ |
| | कुल आम्दानी | १,६३८,७०८ | |
| | व्यवस्थापन शुल्क: कोषको ०.५% भन्दा कम वा कुल आम्दानीको २०% | | |
| क.ब.वृ अवकाश कोष | कुल सम्पत्ति | ९८,६३५,०२१,२८६ | ४५५,३३५,२६६ |
| | कुल दायित्व | ७,४७१,५८८,२६६ | |
| | नेट सम्पत्ति | ९१,०६३,४३३,०२० | |
| | व्यवस्थापन शुल्क: नेट सम्पत्तिको ०.५% | | |
| **जम्मा** | | | ७६९,९८३,२६७ |

**ख। ब्याज आन्दानी**

नागरिक लगानी कोषको सामान्य ब्याज दरको प्रयोग गरी परिमार्जित लागतमा राखिएको वित्तीय सम्पत्तिमा ब्याज आयलाई मान्यता दिइनेछ जुन प्रभावकारी ब्याज दर एकदमै नजीकको दर प्रयोग गरेर प्रभावकारी ब्याज दर विधिबाट गरिएको छ । प्रभावकारी ब्याज विधि भनेको वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिमार्जित लागत गणना गर्ने र ब्याज आय वा ब्याज व्यय सम्बन्धित अवधिमा क्रमबद्ध छुटयाउने विधि हो ।

**ग। शूल्क र कमिशन**

शुल्क र कमिशन आय साधारणतया सम्बन्धित सेवा प्राप्त भइसकेपछि वा एक सार्थक कार्यको कार्यन्वयन भैसकेपछि जनाइन्छ । ऋण प्रदान गर्दा लाग्ने सेवा शुल्क सो प्रदान भइसकेपछि जनाइन्छ ।

**घ) लाभांश आम्दानी**

लाभांश प्राप्त गर्ने हक स्थापित भइसकेपछि लाभांश आम्दानी जनाइन्छ । लाभांशलाई सम्पतीको बर्गिकरण अनुसार बिभिन्न शिर्षकहरुमा प्रस्तुत गरिन्छ ।

**ङ) खूद व्यापारिक आम्दानी**

ब्यापारिक सम्पत्ती/दायित्वको हकमा पाकेको ब्याज, बिक्रीमा लाभ हानी, लाभा-श लगायतका कारोवारबाट श्रृजित लाभ/हानी यस अर्न्तगत राखिन्छ ।

**३.१० कर्मचारी सुविधा**

**क) छोटो अल्पकालिन कर्मचारीको सुविधा**

छोटो अवधिको कर्मचारी लाभलाई डिस्काउन्ट नगरि मापन गरिन्छ र सेवाप्रदान गरेको बखत नै खर्च जनाइन्छ । छोटो अवधिको नगद बोनस र नाफा बाँडफाँड योजना बमोजिम भुक्तानी गर्नु पर्ने रकमको हकमा यदि कर्मचारीको पूर्व अवधिको सेवाको कारण वर्तमान कानुनी तथा निर्मित दायित्व भएमा र उक्त दायित्व भरपर्दो तरिकाले मापन गर्न सकेमा सो बराबरको रकमलाई दायित्वको रुपमा लेखाङ्कन गरिन्छ । छोटो अवधिको कर्मचारी सुविधाहरुले सबै निम्न वस्तुहरु समावेश गर्दछन् । (यदि रिपोर्टिंग अवधिको अन्त्य पछि १२ महिना भित्रमा भुक्तान योग्य छ भने)

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान

- स:शुल्क वार्षिक विदा र स:शुल्क विरामी विदा
- नाफा साझेदारी र वोनस र
- गैर मौद्रिक सुविधाहरु

**ख) रोजगार पछिको सुविधाहरू**

कर्मचारी सुविधाहरु परिभाषित लाभ योजना वा परिभाषित योगदान योजना हुन्छन् । कर्मचारी सुविधाहरु अन्तर्गत तलब, संचयकोष, उपदान, बिदा, औषधोपचार आदि लगायत पर्दछन् । कर्मचारी सेवा शर्त नियमावली २०४८ बमोजिम यी सुविधाहरु प्रदान गरिन्छन् ।

१) **परिभाषित योगदान योजना (Defined Contribution Plan)**

परिभाषित योगदान योजना अन्तर्गतका दायित्वहरु कर्मचारीहरुले सेवा प्रदान गरेको समयमा नै नाफा वा नोक्सान मार्फत खर्च लेखिन्छन् र भुक्तानी भएपछि कोषको अन्य आर्थिक दायित्व रहँदैन । अग्रिम भुक्तानीको रकम नगद फिर्ता हुने वा भविष्यको दायित्वमा समायोजन हुने अवस्थामा सम्पत्तिको रुपमा लेखाङ्कन गरिन्छ । सञ्चयकोष सुविधा परिभाषित योगदान योजना अन्तर्गत पर्दछ ।

२) **परिभाषित लाभ योजना (Defined Benefit Plan)**

कोषको परिभाषित लाभ योजना अन्तर्गतको हरेक योजनाको लागि भविष्यमा कोषले व्यहोर्नुपर्ने दायित्वको हिसाब गरी सोको वर्तमान मूल्य निर्धारण गरी दायित्वको मापन गरिन्छ । सो गर्दा कुनै योजना सम्पत्ति भएमा सोको उचित मूल्य समेत समायोजन गरी खुद दायित्व निर्धारण गरिन्छ ।

परिभाषित लाभ योजनाको हरेक वर्षमा विमाङ्कित मूल्यांकन (actuarial valuation) गरिन्छ र उक्त मूल्यांकन अनुसारको दायित्व हरेक वर्षमा नाफा वा नोक्सान मार्फत लेखाङ्कन गरिन्छ । कोषले कर्मचारीलाई अवकाश पश्चात प्रदान गर्ने उपदान तथा निवृत्तिभरण परिभाषित लाभ योजनाको रुपमा रहेका छन् ।

३) **अन्य लामो समय कर्मचारी सुविधा (Other Long Term Employee Benefits)**

कोषको अन्य लामो समय कर्मचारी सुविधा अन्तर्गतको हरेक योजनाको लागि भविष्यमा कोषले व्यहोर्नुपर्ने दायित्वको हिसाब गरी सोको वर्तमान मूल्य निर्धारण गरी दायित्वको मापन गरिन्छ । पूनर्मापनका असरहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

कोषले कर्मचारीलाई प्रदान गर्ने संचित बिदा, कर्मचारी जीवन सुरक्षण तथा औषधी उपचार अनुदान व्यवस्था अन्य लामो समय कर्मचारी सुविधाको रुपमा रहेका छन् ।

### ३.११ पट्टा

संचालन पट्टा अन्तर्गत पट्टा भुत्तानी पट्टा अवधिमा एक SLM आधारमा एक खर्चको रुपमा मान्यता प्राप्त गरिने छ पट्टा अवधी बाहेक :

क) अर्को व्यवस्थित आधार प्रयोगकर्ताको लाभको समय ढाचाँको प्रतिनिधिको रुपमा बढी प्रतिनिधित्व गर्दछ भने कम्तिमा पनि भुक्तानी गर्ने आधारमा lessor लाई भुक्तानी हुदैन, वा

ख) lessor लाई भुक्तानी संरचित गरिएको छ अपेक्षित समान्य मुद्रास्फीतिको साथ पट्टाको अपेक्षित मुद्रास्फीतिक मूल्यवृद्धिलाई क्षतिपूर्ति दिन हो । यदि lessor लाई भुक्तानी फरक हुन्छ भने सामान्य मुद्रास्फीति बाहेक अन्य कारकहरुको कारणले, तब यो सर्त पूरा हुदैन ।

### ३.१२ शेयर पूंजि, अग्रिम कल र कोषहरू

**शेयर पूंजि**

